म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

वर्ष:१७ अङ्क:- १५० २०८३ वैशाख १० गते बिहीबार 23 April 2026, Thursday - पृष्ठ ४ मूल्य रु. ५/-

**सूचना, सूचना, सूचना**

वर्तमान समयमा हरेक अभिभावकहरूले आफ्ना बालबालिकाहरूमा देखिएको जिद्धिपनलाई परामर्शको माध्यमद्वारा सकारात्मक परिवर्तन गराउँदै खेलकुद, नृत्य तथा डिजिटल माध्यमद्वारा पठनपाठनमा लगनशील बनाउने उद्देश्यका साथ हेटौंडाकै एकमात्र सत्यम जेभियर्स इग्लिस बोर्डिङ स्कुलमा प्ले ग्रुपदेखि कक्षा ९ सम्मका लागि नयाँ भर्ना फारम वितरण भइरहेको छ ।

तसर्थ, आफ्ना बालबालिकाहरूको उज्ज्वल भविष्यका लागि समयमै सम्पर्क गरी भर्ना प्रक्रिया पूरा गर्नुहुन सम्पूर्ण अभिभावकहरूमा हार्दिक अनुरोध गरिन्छ ।

**सत्यम जेभियर्स इङ्ग्लिस बोर्डिङ स्कुल**

हेटौंडा-४, चिसापानी

०५७-५२५५६३, ९८५५०६९४५२, ९८५५०६९५६३

### बागमती सरकारमा ८ वटा मन्त्रालय बनाउन सुझाव

# क्षेत्राधिकार बाझिएका निकाय खारेज र गाभ्न सिफारिस

समाज संवाददाता

हेटौंडा : बागमती प्रदेशको प्रशासनिक संरचनालाई सुदृढ र मितव्ययी बनाउन गठित उच्चस्तरीय अध्ययन समितिले हाल कायम रहेका १४ वटा मन्त्रालयलाई घटाएर ८ वटामा सीमित गर्न सरकारलाई सुझाव दिएको छ । पूर्वसचिव विमल वाग्लेको नेतृत्वमा रहेको प्रशासनिक संरचना पुनरावलोकन अध्ययन तथा सुझाव समितिले मन्त्रालयको संख्या मात्र बढेको तर कार्यसम्पादनमा प्रभावकारिता नदेखिएकोले व्यापक पुनर्संरचनाको आवश्यकता औंल्याएको हो ।

प्रतिवेदनमा प्रदेश स्थापनाको समयमा ७ वटा मात्र मन्त्रालय रहेकोमा राजनीतिक भागबण्डा र दलीय सन्तुलन मिलाउन पटक-पटक मन्त्रालय फुटाएर १४ सम्म पुऱ्याइएको उल्लेख छ । सांगठनिक आवश्यकता र कार्यबोझ भन्दा पनि अन्तर/आन्तरिक दलीय सन्तुलन मिलाउन मन्त्रालय विस्तार गरिएको समितिको ठहर छ । उक्त कार्यले कार्यसम्पादन प्रभावकारी नभई प्रशासनिक खर्च मात्र बढाएको समितिको निश्कर्ष छ । समितिले तयार गरेको प्रतिवेदन अनुसार कार्यप्रकृति मिल्ने मन्त्रालयहरुलाई गाभेर नयाँ ८ मन्त्रालयको खाका तयार गरेको छ । समितिले मुख्यमन्त्री कार्यालयसहित ८ मन्त्रालय बनाउन सिफारिस गरेको छ ।

१. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

साविकको आन्तरिक मामिला मन्त्रालय (सञ्चार बाहेक) र उद्योग मन्त्रालयको प्रशासन खण्डलाई समेट्ने र उच्चस्तरीय नीति तथा योजना आयोग रहने ।

२. आर्थिक मामिला तथा योजना मन्त्रालय । प्रदेश नीति तथा योजना आयोग खारेज गरी कार्यभार मन्त्रालयमा गाभिने ।

३. उद्योग, संस्कृति, पर्यटन तथा यातायात मन्त्रालय । श्रम, रोजगार, यातायात, संस्कृति र पर्यटनका सबै कार्यहरु यस मन्त्रालयले रहने ।

४. कृषि, पशुपन्छी, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय । साविकको कृषि र सहकारी मन्त्रालयलाई एकीकृत गरी भूमिसम्बन्धी कार्य पनि राखिने ।

५. भौतिक पूर्वाधार विकास मन्त्रालय । सहरी विकास बाहेकका ठूला पूर्वाधारका आयोजनाहरुमा केन्द्रित हुने ।

६. वन तथा वातावरण मन्त्रालय । यथावत रहने ।

७. सहरी तथा स्थानीय विकास मन्त्रालय । खानेपानी, ऊर्जा, सिँचाइ र सहरी विकासका कार्यहरु यस मन्त्रालयको क्षेत्राधिकारमा रहनेछन् ।

८. स्वास्थ्य तथा सामाजिक विकास मन्त्रालय । स्वास्थ्य, सामाजिक विकास र युवा तथा खेलकुद मन्त्रालयलाई गाभेर एउटै बनाउने ।

समितिले मन्त्रालय मात्र नभई ७०१ वटा अनावश्यक कर्मचारी दरबन्दी समेत कटौती गर्न सिफारिस गरेको छ । उक्त कार्यबाट प्रदेशको वार्षिक ४८ करोड ५६ लाख रुपैयाँ बचत हुने प्रतिवेदनम उल्लेख छ । प्रतिवेदन अनुसार प्रदेश नीति तथा योजना आयोग, सञ्चार रजिस्ट्रारको कार्यालय र दुग्ध विकास बोर्ड जस्ता निकायहरुको काम नियमित प्रशासनिक संरचनाबाटै हुन सक्नेछ । जसका कारण सो निकायहरु खारेज गर्न समितिले सुझाव दिएको छ ।

प्रतिवेदनका अनुसार हाल मन्त्रालयहरु बीच कार्यबोझ र बजेट विनियोजन तर्कसंगत छैन । कतिपय मन्त्रालयले संघीय र स्थानीय तहको एकल अधिकार क्षेत्रमा पर्ने स-साना योजनामा समेत हात हालेकाले कार्यबोझ मात्र थपिएको र सेवा प्रवाह फितलो भएको समितिको निष्कर्ष छ । 'स्लिम बट इफेक्टिभ' सरकारको अवधारणा अघि बढ्न समितीले सुझाव दिएको छ ।

## गृहमन्त्री गुरुङले दिए राजीनामा

समाज संवाददाता

हेटौंडा : गृहमन्त्री सुधन गुरुङले पदबाट राजीनामा दिएका छन् । विवादित व्यवसायीसँग विभिन्न सेयर कारोबारमा मुछिएको आरोप लागेका गुरुङले प्रधानमन्त्री बालेन्द्र शाह (बालेन) लाई बुधबार राजीनामा बुझाएका हुन् । उनले आफ्नो राजीनामाबारे सामाजिक सञ्जालबाट जानकारी गराएका छन् ।

प्रधानमन्त्री शाहले आफू नियुक्त भएकै दिन मन्त्रिपरिषद् गठन गरेका थिए । सोही दिन गुरुङ गृहमन्त्री नियुक्त भएका थिए । सुरुवाती दिनमा उच्च पदस्थ कर्मचारीलाई पक्राउ गरेर चर्चा कमाएका गुरुङ पछिल्लो समय भने आलोचनाको केन्द्रमा परेका थिए । उच्च स्रोतका अनुसार, रास्वपा सभापति रवि लामिछानेसँगको छलफलपछि गुरुङले प्रधानमन्त्री शाहसमक्ष राजीनामा बुझाएका हुन् । तत्काललाई गृह मन्त्रालयको जिम्मेवारी प्रधानमन्त्री बालेन शाहले नै सम्हाल्ने भएका छन् । सुधन गुरुङले गृहमन्त्री पदबाट राजीनामा दिएसँगै प्रधानमन्त्रीले उक्त जिम्मेवारी आफू मातहत नै राखेको प्रधानमन्त्रीको सचिवालयले जानकारी दिएको छ ।

# हेटौंडाका विद्यालयमा पठनपाठन सुरु



हेटौंडा-४, कर्रास्थित श्रमिक माविमा बुधबार उपस्थित विद्यार्थी ।

समाज संवाददाता

हेटौंडा : हेटौंडाका विद्यालयहरुमा नयाँ शैक्षिक सत्रको पठनपाठन सुरु भएको छ । हेटौंडाका केही विद्यालयले सोमबारदेखि पढाई सुरु गरेका हुन् । नयाँ शैक्षिक सत्रको भर्ना अभियान, पाठ्यपुस्तक वितरणसँगै पठनपाठन पनि सुरु गरेको हो ।

सोमबारबाट हेटौंडा-४, कर्रास्थित श्रमिक माध्यमिक विद्यालयले पठनपाठन सुरु गरेको छ । सोमबारदेखि पठनपाठन सुरुवात गरिएको प्रधानाध्यापक श्रीराम दाहालले जानकारी दिनुभयो । ७ सय भन्दा बढी विद्यार्थी रहेको विद्यालयमा पहिलो दिन एक सय ५० को हाराहारी विद्यार्थी उपस्थित थिए भने बुधबार ३ सय भन्दा बढी विद्यार्थी विद्यालयमा उपस्थित भएका छन् । नयाँ शैक्षिकसत्र सुरुवात भइसकेको र नयाँ भर्ना अभियानसँगै पठनपाठन पनि सुचारु गरिएको प्रधानाध्यापक दाहालले बताउनुभयो । नयाँ भर्नाका लागि आवेदन दिएका विद्यार्थीको प्रवेश परीक्षा लिएर भर्ना गरिने उहाँको भनाइ छ । शैक्षिक सत्र २०८३ मा विद्यार्थी संख्या एक हजार पुऱ्याउने लक्ष्य रहेको पनि प्रधानाध्यापक दाहालले बताउनुभएको छ ।

यस्तै हेटौंडा-४ स्थित लिटिल बडी प्रि-स्कूलले पनि सोमबारदेखि पठनपाठन सुरु गरेको जनाएको छ । पूर्वप्राथमिक तह र प्राथमिक तहको मात्रै पठनपाठन हुने विद्यालयमा अभिभावकको व्यस्तताका कारण पनि छिट्टै पठनपाठन सुरुवात गरिएको प्रिन्सिपल युवराज दाहालले जानकारी दिनुभयो । हेटौंडा-१ स्थित अमर माध्यमिक विद्यालयले बिहिबारबाट पठनपाठन सुरु गर्ने जनाएको छ । अमर माविका निमित्त प्रधानाध्यापक डीबी बर्तौलाले भर्ना अभियानसँगै पठनपाठन पनि सुचारु गर्ने निर्णय गरेको जानकारी दिनुभयो । बिहिबारदेखि पठनपाठन सुरु गर्दा अर्को सोमबारबाट विद्यार्थीको उपस्थिति बढ्ने अपेक्षा गरिएको बर्तौलाले बताउनुभयो ।

### नयाँ शैक्षिक सत्रमा प्रधानाध्यापकको योजना

# विद्यार्थी संख्या घटाएर शिक्षकको क्षमता विकास गर्दै नवोदय

समाज संवाददाता



प्रधानाध्यापक दिपेश जोशी ।

हेटौंडा : नयाँ शैक्षिक सत्र सुरु भएसँगै हेटौंडा-४ स्थित नवोदय शिशु सदन माविले शैक्षिक गुणस्तरमा सुधार गर्न कक्षामा विद्यार्थी संख्या घटाउने र शिक्षकको क्षमता विकासमा जोड दिने योजना बनाएको छ । १० कक्षासम्म पठापाठन हुने नवोदय शिशु सदनले एउटा कक्षामा ३६ जना विद्यार्थी संख्यालाई घटाएर ३२ मा सीमित गर्ने योजना बनाएको छ ।

नयाँ शैक्षिकसत्रको तयारीको विषयमा समृद्ध समाज दैनिकसँग कुराकानी गर्दै नवोदय शिशु सदनका प्रिन्सिपल दिपेश जोशीले भन्नुभयो, 'विद्यार्थीको सिकाई उपलब्धी बढाउन, विद्यार्थीको समग्र विकासका लागि कक्षामा विद्यार्थीको संख्या घटाउने र शिक्षकको क्षमता विकासमा जोड दिने योजना बनाएका छौं ।' २०५२ सालमा स्थापित नवोदय शिशु सदन २०७२ सालदेखि नयाँ अवधारणामा अगाडि बढेको हो । विद्यार्थीको समग्र विकास गर्ने उद्देश्यसहित नवोदयले नयाँ अवधारणा सुरु गरेको पहिलो वर्ष ३ सय विद्यार्थी थिए भने शैक्षिकसत्र २०७४ मा विद्यार्थी संख्या ८ सय पुग्यो ।

'सुरुमा एउटा मात्रै सेक्सन राखेर विद्यालय सञ्चालन गर्ने योजनामा थियौं । तर, एउटा कक्षामा एउटा मात्रै सेक्सन सञ्चालन गर्दा विद्यालयको आय-व्यय सन्तुलित नहुने देखिएपछि एउटा कक्षामा २ वटा सेक्सन सञ्चालन गऱ्यौं', प्रिन्सिपल जोशीले भन्नुभयो, 'अभिभावकको मागअनुसार अहिले तीन वटा सेक्सन सञ्चालित छ । शैक्षिक सत्र २०८० सम्म एउटा सेक्सनमा ४० जना विद्यार्थी थिए भने शैक्षिकसत्र २०८१ बाट ३६ जनामा सीमित गरेका थियौं । अहिले भने एउटा सेक्सनमा ३२ जना मात्रै विद्यार्थी सीमित गर्ने योजनामा छौं ।' विद्यार्थीको समग्र विकासका लागि शिक्षकले पर्याप्त सहजीकरण गर्न सक्ने गरी विद्यार्थी संख्या सीमित गर्न खोजिएको प्रिन्सिपल जोशीको भनाइ छ ।

विद्यार्थी संख्या सीमित गर्ने योजनाअनुसार नै शैक्षिकसत्र २०८३ का लागि पूर्वप्राथमिक तह भन्दा माथि नयाँ भर्नाका लागि सोधपुछमा आउने अभिभावक र विद्यार्थीको नाम समेत टिपोट नगरिएको उहाँको भनाइ छ । यतिबेला नवोदय शिशु सदनमा शिक्षकको क्षमता विकास लागि ५ दिने कार्यशाला चलिरहेको छ । विद्यालयले पाठ्यक्रममा आधारित भएर पठनपाठन तथा शैक्षिक क्रियाकलाप गर्ने, कक्षाकोठामा हुने सिकाईका अभ्यासमा सुधार गर्ने, मूल्यांकन प्रणालीमा संरचनागत सुधारका साथै निदानात्मक उपाय अपनाउने र अनुशासन र सामाजिक-भावनात्मक विकासमा जोड दिने योजना बनाएको प्रिन्सिपल जोशीले स्पष्ट पार्नुभयो ।

नियमित पठनपाठनका क्रममा नवोदयले प्रमुख चुनौतिको रुपमा दक्ष जनशक्तिको अभावलाई लिएको छ । जसका कारण नवोदयले नवोदय इनोभेसन सेन्टरमार्फत कक्षा-११ मा शिक्षाशास्त्र संकायमा नेपाली, गणित र अंग्रेजी विषयमा ३० जना विद्यार्थीलाई निशूल्क शिक्षा र तालिमको समेत व्यवस्था गरेको छ । पहिलो वर्ष विद्यार्थी संख्या कोटा भन्दा कम भए पनि अध्ययरत विद्यार्थीहरुको सिकाई प्रभावकारी भएको र दक्ष जनशक्तिको रुपमा तयार भइरहेको प्रिन्सिपल जोशीले दावी गर्नुभएको छ । दक्ष जनशक्तिको विकासकै लागि हेटौंडा स्कूल अफ म्यानेजमेन्टसँगको सहकार्यमा शिक्षाशस्त्र संकायमा स्नातक तहमा पनि पूर्ण छात्रवृत्तिमा पठनपाठन तथा तालिमका कार्यक्रम सञ्चालन गर्ने योजना रहेको प्रिन्सिपल जोशीले जानकारी दिनुभयो ।

नयाँ शैक्षिकसत्रका लागि विद्यालयले शूल्क वृद्धि नगरेको उल्लेख गर्नुहुँदै प्रिन्सिपल जोशीले विद्यार्थी संख्या घटाएर शिक्षकको क्षमता विकासमा लगानी गरिरहँदा अभिभावकमा थप भार नपर्ने स्पष्ट पार्नुभयो । शैक्षिकसत्र २०८२ मा १ हजार २ सयको हाराहारीमा रहेको विद्यार्थी संख्या घटाएर नवोदयले एक हजारको हाराहारीमा विद्यार्थी राख्ने योजना बनाएको छ ।

## पत्रकार बञ्जाडे पक्राउ

समाज संवाददाता

हेटौंडा : महिला पत्रकार माथि दूर्व्यवहार गर्ने पत्रकार विकास बञ्जाडेलाई मकवानपुर प्रहरीले पक्राउ गरेको छ । गत चैत २९ गते नेपाल पत्रकार महासंघको केन्द्रीय समिति बैठकमा सहभागी हुन हेटौंडा आएका बञ्जाडेले चैत २८ गते महिला पत्रकारमाथि दूर्व्यवहार गरेका थिए ।

बञ्जाडे सोमबार आफैं प्रहरीको सम्पर्कमा आएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रवक्ता प्रहरी नायव उपरीक्षक पुष्कर बोगटीले जानकारी दिनुभयो । महिला पत्रकारमाथि दूर्व्यवहार भएको घटना बाहिरिए लगत्तै नेपाल पत्रकार महासंघ केन्द्रीय समितिले बञ्जाडेलाई केन्द्रीय सदस्य पदबाट निलम्बन गरिसकेको छ । चैत ३० गते महासंघका सचिव रमेश खतिवडाले एक विज्ञप्ति जारी गर्दै बञ्जाडेलाई नैतिक आचरणसम्बन्धी गम्भीर प्रश्न उठेको भन्दै केन्द्रीय समितिको बैठकबाट केन्द्रीय सदस्यबाट निलम्बन गर्ने निर्णय गरेको जानकारी गराउनुभएको थियो ।

# सरकारी विज्ञापन निजीलाई रोकिँदैनः मुख्यमन्त्री बानियाँ

समाज संवाददाता

हेटौंडा: सरकारी विज्ञापन निजी सञ्चार माध्यमलाई दिन नरोक्ने बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले स्पष्ट पार्नुभएको छ । बुधबार पत्रकार महासंघ बागमती प्रदेशको समन्वयमा भएको कार्यक्रममा सञ्चारकर्मीहरुलाई प्रतिक्रिया दिँदै मुख्यमन्त्री बानियाँले निजी सञ्चार माध्यमलाई दिइने विज्ञापन नरोकिने बताउनुभएको हो ।

मुख्यमन्त्री बानियाँले निजी मिडियालाई पनि सरकारी विज्ञापन दिनका लागि आफूले प्रमुख सचिवलाई निर्देशन दिइसकेको जानकारी दिनुभयो । नेपाल सरकारले सरकारी विज्ञापन सरकारी सञ्चारमाध्यममा मात्रै प्रकाशन तथा प्रशारण गर्ने निर्णय गरेको भए पनि प्रदेशमा कार्यान्वयन नगर्न माग गर्ने महासंघको केन्द्रीय सर्कुलरअनुसार प्रदेश समितिले मुख्यमन्त्रीसँग बुधबार अन्तरक्रिया गरेको हो ।

मुख्यमन्त्री बानियाँले यसअघि नै प्रधानमन्त्री बालेन्द्र शाहसँग भेटघाट गरी यस विषयमा छलफल भएको जानकारी दिँदै सरकारी टेण्डर बाहेकका अन्य सबै सरकारी विज्ञापन निजी मिडियामा दिन नरोकिने जानकारी पाएको उल्लेख गर्नुभयो । उहाँले संविधान र लोकतन्त्रको मर्मअनुसार निजी क्षेत्रलाई प्रोत्साहन दिँदै राज्यले सहयात्री बनाउनुपर्नेमा विज्ञापन रोकिँदा लोकतन्त्रको मर्मविपरित हुन जाने बताउनुभयो ।

सरकारले मिडियालाई वैधरुपमा दर्ता र नवीकरण गर्न पाउने तर विज्ञापन नदिनु न्यायसंगत नभएको बताउँदै संघीय सरकारले प्रदेशसँग कुनै छलफल तथा समन्वय नै नगरी प्रधानमन्त्री कार्यालयबाट निजी मिडियालाई विज्ञापन नदिने आशयको पत्र आउनु सकारात्मक नभएको धारणा व्यक्त गर्नुभयो । उहाँले संघीय सरकारले समन्वय नगरी प्रदेशलाई प्रभाव पार्ने निर्णय गर्दै जाँदा संघ र प्रदेशबिच अधिकार र कर्तव्यबिच द्वन्द्व बढ्दै जाने आशंका व्यक्त गर्नुभयो ।

कार्यक्रममा बोल्दै बागमती प्रदेश पत्रकार महासंघका संस्थापक अध्यक्ष प्रताप बिष्टले सरकारी विज्ञापन सरकारी मिडियामा मात्रै प्रकाशन हुँदा निजी मिडिया सञ्चालनमा आर्थिक प्रभाव पर्नेमात्र नभई स्थानीय सर्वसाधारणको पहुँचमा सूचना पुग्न नसक्ने दावी गर्नुभयो । उहाँले सरकारी मिडियाको तुलनामा निजी स्थानीय मिडियामा विज्ञापनको दर नै कम हुनाले खर्च कम हुने बताउनुभयो । महासंघको केन्द्रीय सर्कुलरअनुसार सातै प्रदेशका मुख्यमन्त्रीसमक्ष मिडियाका समस्या राख्ने कार्यक्रम अनुसार बुधबार बागमतीका मुख्यमन्त्रीसँग अन्तरक्रिया सम्पन्न भएको हो ।

## बुधबारे बालसाहित्य

**यो स्तम्भमा हामी विद्यार्थीको परिचय, विद्यार्थीका रचना, घरमा अभिभावक र बालबालिका अध्ययन गर्दै गरेको तस्वीर, अन्तरवार्ता समावेश गर्नेछौं । आशा छ हामीले विद्यार्थीलाई अध्ययन र लेखनमा प्रेरित गर्न सकारात्मक योगदान गर्न सक्नेछौं ।**



**सम्पादक**




# तीन जिल्लामा ३ जना मृत भेटिए

समाज संवाददाता

हेटौंडा : बागमती प्रदेशका तीन जिल्लामा ३ जना मृत भेटिएका छन् । प्रदेशको सिन्धुपाल्चोक, सिन्धुली र काभ्रेमा ३ जना मृत भेटिएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ । सिन्धुपाल्चोकको इन्द्रावती गाउँपालिका-१०, झोलुङ्गे गाँउमा एक जना पुरुष सडेगलेको अवस्थामा भेटिएका छन् । स्थानीय ३२ वर्षीय विक्रम माझीको शव मंगलबार फेला परेको प्रहरीले जनाएको छ । माझी गत कात्तिक १ गते घरबाट वेपत्ता भएका थिए । यस्तै काभ्रेपलाञ्चोकको धुलिखेल नगरपालिका-१२, शंखुपाटीस्थित मानव कल्याण समाज सेवा घरमा एक जना पुरुषको मृत्यु भएको छ । सेवा घरमा बस्दै आएका ४३ वर्षीय दिलिप कुमार मानन्धरको मंगलबार बिहान सुतिरहेको अवस्थामा मृत्यु भएको हो । प्रहरीका अनुसार उनी केही दिनदेखि शरीरको सबै भाग सुन्निई बिरामी भएका थिए । सिन्धुलीको कमलामाई नगरपालिका-९, भिमान खोलामा एक वृद्ध मृत्त फेला परेका छन् । स्थानीय ५६ वर्षीय हरि बहादुर बस्नेत खोलामा मृत्त फेला परेका हुन् । सोमबार बिहान १० बजे घरबाट हिँडेका बस्नेतको शव मंगलबार दिउँसो ३ बजे फेला परेको प्रहरीले जानकारी दिएको छ ।

## सम्पादकीय

# नयाँ शैक्षिक सत्रको अन्योलता

यस वर्ष विद्यालय तहको नयाँ शैक्षिक सत्रबारे अन्योलता सिर्जना भएको छ । संघीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले वैशाख १५ गतेबाट शैक्षिक सत्र सुरु गर्न निर्देशन दिएपछि अन्योलता भएको हो । मन्त्रालयले १५ गतेबाट भर्ना अभियान सुरु गरी वैशाख २१ गतेबाट पठनपाठन गराउन निर्देशन दिएपछि कतिपय स्थानीय सरकारले त्यसअगावै शैक्षिक सत्र सुरु गर्न निर्देशन दिएका छन् । निजी विद्यालय सञ्चालकहरुले संघीय सरकारको उक्त निर्देशनको बिरोध गरिरहेका छन् । विगतमा वैशाख २ गतेबाट नयाँ शैक्षिक सत्र सुरु हुने गरेकोमा स्पष्ट कारणबिना नै सरकारले करिब दुई साता पछि सार्दा शिक्षक, विद्यार्थी, अभिभावक सबैमा प्रभाव परेको छ । सरकारले शनिबार र आइतबार दुई दिन सार्वजनिक विदा दिइरहेको अवस्थामा शैक्षिक सत्र ढिला सुरु गर्दा पाठ्यक्रमले निर्दिष्ट गरेको पठनपाठनको समय अपुग हुने तर्कहरु समेत उजागर भइरहेका छन् ।

नेपालको संविधानले विद्यालय तहको शिक्षाको अधिकार स्थानीय तहलाई दिएको छ । यस आधारमा कक्षा १२ सम्मका विद्यालय शिक्षाको प्रवर्द्धन र नियमनको काम स्थानीय सरकारको हो । संविधानको अनुसूची ८ मा व्यवस्था गरिएको स्थानीय तहको अधिकारको कार्यान्वयनका लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ जारी भएको छ । सो ऐनअनुसार स्थानीय तह (गाउँपालिका तथा नगरपालिका) लाई आधारभूत र माध्यमिक शिक्षाको व्यवस्थापन, सञ्चालन र नियन्त्रण गर्ने प्रमुख अधिकार छ । यस अन्तर्गत विद्यालय स्थापना, अनुमति, पाठ्यक्रम विकास, शिक्षक व्यवस्थापन, नि:शुल्क शिक्षा कार्यान्वयनजस्ता २३ वटा विशेष अधिकारहरू रहेका छन् ।

विद्यालय तहको शिक्षाको अधिकार पाएको स्थानीय सरकारले सबै अधिकार निर्बाधरुपमा प्रयोग गर्न पाउने अवस्था छैन । संघीय नयाँ शिक्षा ऐन नबन्दा स्थानीय तहले समेत शिक्षा ऐन कार्यान्वयनमा ल्याउन सकेको छैन । विद्यालय तहमा अझै पनि संघीय सरकारकै खटनपटन छ । संघीय सरकारले दिने सशर्त अनुदानकै भरमा विद्यालय सञ्चालन गर्नुपर्ने अवस्था रहेका कारण स्थानीय सरकारले विद्यालय शिक्षासम्बन्धी निर्णय गरेर कार्यान्वयन गर्नसक्ने अवस्था देखिँदैन । संघीय सरकारको निर्देशनविपरित केही स्थानीय तहले विद्यालय सञ्चालन गर्न निर्देशन दिए पनि अधिकांश स्थानीय तह संघीय सरकारको निर्देशन पालना गरेर बसेका छन् । विद्यमान शिक्षा ऐनले संघीय सरकारलाई नै विद्यालय सञ्चालनको धेरै अधिकार प्रदान गरेका कारण स्थानीय सरकारले आशातित काम गर्न नसक्नु स्वभाविक हो ।

नयाँ सरकारले हरेक काम कारबाहीलाई छिटो बनाउने प्रयत्न गरिरहेको अवस्थामा विद्यालयको पठनपाठन सुरु गर्न विलम्ब गर्नुलाई अर्थपूर्णरुपमा हेरिएको छ । एक्कासी शैक्षिक सत्र पर सार्दा देखिएको अन्योलतालाई हटाउन सरकारले स्पष्ट पार्न सकेको छैन । फलस्वरुप केही स्थानीय तहहरुले संघीय सरकारको निर्देशनबिपरित चाँडै शैक्षिक सत्र सुरु गर्न निर्देशन जारी गरेका छन् । कतै चाँडै, कतै ढिला विद्यालय खुल्ने अवस्था आउनु राम्रो होइन । सरकारको निर्णयलाई अवज्ञा गर्ने अवस्था बन्नु पनि उचित मान्न सकिँदैन । शैक्षिक सत्र किन ढिला सुरु गर्न खोज्नेको पछाडि सरकारको कुनै तयारी हुनसक्छ । पाठ्यक्रमले ताकेको पठनपाठनको अवधि नै पूरा गर्न कठिन हुने गरी शैक्षिक सत्र ढिला गर्नुको कारण सरकारले दिनु उचित हुनेछ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | वारुण यन्त्र १०१ |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | बालबालिका खोजतलास केन्द्र १०४ |
| ट्राफिक प्रहरी १०३ | बाल हेल्पलाइन १०९८ |
| वडा प्रहरी ५२०२९९ | हेलो सरकार ११११ |
| पशुपतिनगर इलाका ५२०५९८ | नेपाल टेलिकम सोधपुछ १९७ |
| मनहरी इलाका ९८५५०९०१६१ | एम्बुलेन्स १०२ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| पालुङ इलाका ६२०४६७ | |
| फापरबारी इलाका ६२१९८० | |
| चित्लाङ इलाका ६२१००० | |

## तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

| | |
|---|---|
| मेष | : परीक्षा र प्रतियोगितामा सरिक भइने समय छ । |
| वृष | : काममा बिलम्ब हुने समय योग रहेको छ । |
| मिथुन | : धार्मिक एवम् परोपकारजन्य काममा मन जाला । |
| कर्कट | : विषय र कामप्रति जागरुकता बढने समय छ । |
| सिंह | : सोच्ने शक्ति र निर्णयात्मक क्षमतामा कमी आउला । |
| कन्या | : शुभ चिन्तनको साथ सहयोग प्राप्त हुने समय छ । |
| तुला | : व्यक्तित्व विकासको अवसर जुट्ने समय योग छ । |
| वृश्चिक | : व्यापार–व्यवसाय मध्यमकारक रहने समय छ । |
| धनु | : निर्णयले सकारात्मक परिवर्तन हुने समय छ । |
| मकर | : पढाइ–लेखाइका कामहरु मध्यम छन् । |
| कुम्भ | : अध्ययन–अध्यापन सोचे अनुरुप होला । |
| मीन | : धार्मिक एवम् सामाजिक काममा मन जाने योग छ । |

# थला परेको सार्कको विकल्प किन नखोज्ने ?




आधिकारिक दस्तावेजमै नेपाललाई 'बफर स्टेट' भनेपछि बालेन सरकार विवादमा परेको छ। नेपालको भू-राजनीतिक अवस्थितिलाई 'भाइब्रेन्ट ब्रिज' (गतिशील पुल) भनेकोमा पनि कूटनीतिका विज्ञहरूले आपत्ति प्रकट गरेका छन् ।

बफर स्टेट र गतिशील पुल, दुवै बिम्ब रास्वपा र बालेन सरकारका आफ्ना होइनन्, अरूबाटै सापटी लिइएका हुन् । यद्यपि, सरकारी दस्तावेजमा नै यस्ता शब्द उल्लेख भएपछि ती राष्ट्रकै धारणा बनेका छन् र विवादमा पनि परेका छन् ।

यथार्थमा भारत-नेपाल-चीन सम्बन्धलाई 'बफर स्टेट' वा 'गतिशील पुल' दुवै बिम्बले प्रतिनिधित्व गर्दैन । बफर स्टेट हुन, दुई देशलाई बीचको देशले छेक्ने खालको उपस्थिति हुनुपर्दछ । नेपालको भूमिले भारत-चीनलाई पूर्णतया छेक्दैन ।

भारत र चीन आफैं आपसमा जोडिएका छन्। नेपाल र चीन बीचको अन्तर्राष्ट्रिय सिमाना लगभग १४१४ किलोमिटर मात्रै हो । जबकि भारत र चीन बीचको अन्तर्राष्ट्रिय सिमाना ३४०० किलोमिटर भन्दा बढी छ ।

'बफर स्टेट' युद्धकालीन भाषा पनि हो, जो आज सान्दर्भिक नै छैन । विश्वयुद्धको बेलामा पनि नेपाललाई कसैले 'बफर स्टेट' बनाउन सकेनन् । त्यसैले सरकारी दस्तावेजमा यस्ता शब्द देखापर्नु गलत हो । अर्कोतिर भारत र चीन आफैं जोडिएको अवस्थामा 'गतिशील पुल' बिम्बको सान्दर्भिकता पनि पुष्टि हुँदैन ।

रास्वपा र बालेन सरकारले निहितार्थमा ध्यान नदिई अरूले प्रयोग गरेका बासी शब्द-बिम्ब यत्तिकै प्रयोग गरेको हो। यदि सोचमा स्पष्टता छैन भने यस्ता समस्या देखा पर्दछन् । यो क्षेत्रीय भू-राजनीतिलाई बुझ्ने र परिभाषित गर्ने दृष्टिकोणको समस्या हो ।

परम्परागत सोचले अब क्षेत्रीय कूटनीति पनि प्रभावकारी हुँदैन। नयाँ सरकारले नयाँ सोचको खोज गर्न जरूरी छ । क्षेत्रीय सहकार्यलाई नयाँ अवधारणा सहित पुनर्गठन गर्न जरूरी छ । यो आलेखमा नेपाल, भारत, चीन लगायत एशियाली मुलुकहरूको क्षेत्रीय सहकार्य बारे वैकल्पिक सोचको प्रस्ताव गरिएको छ ।

### इतिहासको समीक्षा

दोस्रो विश्वयुद्धपछि विश्वमा क्षेत्रीय सहकार्यको परम्परा शुरु भयो । शान्ति, सहकार्य र सहयोगका नाममा विभिन्न क्षेत्रीय संगठन जन्मिए । युरोपमा युरोपियन युनियन, अफ्रिकामा अफ्रिकन युनियन, अमेरिकामा अमेरिकी राष्ट्र संगठन, एशियामा दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठन (सार्क) र दक्षिणपूर्वी एशियाली सहयोग संगठन (आसियान) देखा परे ।

क्षेत्रीय संगठनको अभ्यासले व्यापार-विनिमय सहजीकरण, पूर्वाधार विकास, विपद् व्यवस्थापन र कूटनीतिक संवाद जस्ता क्षेत्रमा केही महत्वपूर्ण कार्य भए । यद्यपि, यी संगठनको उद्देश्य मूलतः भू-राजनीति, सिमाना, आर्थिक लाभ र सुरक्षा जस्ता विषयमा सीमित थियो ।

त्यसैले, ठाउँ अनुसार यस्ता संगठनहरूले फरक-फरक चरित्र देखाए । 'विकसित मुलुक' सम्मिलित क्षेत्रीय संगठनहरू वास्तविक शान्ति र सहकार्य होइन, लोभ-लालच, षड्यन्त्र, अतिक्रमण र प्रभाव विस्तारमा केन्द्रित भए। अन्य क्षेत्रका संगठनहरू वैचारिक द्वन्द्व र आपसी अविश्वासका कारणले कमजोर भए ।

मुलुकहरू संगठित हुँदा सभ्यता, संस्कृति, मूल्यमान्यता र ऐतिहासिक सम्बन्धलाई आधार बनाउनुपर्दथ्यो । तर तत्कालीन अवधारणा निर्माताहरूले यो पक्षलाई ध्यान दिएनन् । जसका कारण राष्ट्रिय र क्षेत्रीय दुवै तहमा सभ्यता-संस्कृति र मूल्यमान्यता कुण्ठित भए । आज विश्वमा पहिचान, संस्कृति र मूल्यमान्यताजन्य द्वन्द्व तीव्र हुनुमा मुलुकहरूका यस्तै नीति जिम्मेवार छन् । अबको क्षेत्रीय सहकार्यको अवधारणाले विगतका गल्ती सच्याउनुपर्दछ ।

मूल्यमान्यतामा आधारित सभ्यतागत सहकार्यले मात्र क्षेत्रीय एकता र वैश्विक शान्ति सुनिश्चित गर्न सकिन्छ । यस्तो दृष्टिकोणले मात्र दिगो आर्थिक विकास, पारस्परिक सम्मान र वास्तविक एकता स्थापना गर्न सक्दछ ।

### सार्कको समीक्षा

बंगलादेशका तत्कालीन राष्ट्रपति जियाउर रहमानको प्रस्तावमा १९८५ मा नेपाल, भारत, पाकिस्तान, बंगलादेश, श्रीलंका, भुटान, माल्दिभ्स र पछि अफगानिस्तान सहित बंगलादेशको ढाकामा भएको पहिलो शिखर सम्मेलनले सार्कको स्थापना गरेको थियो ।

त्यस समयमा विश्व दुई ध्रुवमा विभाजित थियो- उदारवादी अमेरिकी ध्रुव र साम्यवादी सोभियत ध्रुव । दक्षिण एशियाली देशहरु प्रत्यक्ष रुपमा यो शक्ति संघर्षबाट प्रभावित थिए । प्रायः सबै सार्क राष्ट्रहरु आर्थिक रुपमा कमजोर, राजनीतिक रुपमा अस्थिर र पारस्परिक अविश्वासले ग्रस्त थिए ।

यस अतिरिक्त भारत-पाकिस्तान बीचको तनावले क्षेत्रीय सहकार्यलाई कठिन बनाएको थियो । यसका बावजुद राष्ट्रपति रहमानले यो पहल गरेका थिए ।

राजनीतिक मतभेद हुँदाहुँदै पनि मुलुकहरू बीच संवादको मञ्च उपलब्ध गराउनु सार्कको महत्वपूर्ण उपलब्धि थियो । सार्क मार्फत क्षेत्रीय व्यापार सहकार्य बढाउने प्रयास भयो । शिक्षा, स्वास्थ्य, वातावरण, गरिबी निवारण जस्ता क्षेत्रमा संयुक्त कार्यक्रम सञ्चालन गरियो । विभिन्न प्राविधिक समितिहरू र क्षेत्रीय संयन्त्रहरूको स्थापना गरियो ।

यद्यपि, पछिल्लो समय शिखर सम्मेलनहरू पटक-पटक स्थगित भए । समस्याको केन्द्रमा आयो भारत-पाकिस्तान तनाव । यो तनावले निर्णय प्रक्रिया मात्र अवरुद्ध पारेन, भएका सम्झौता पनि कार्यान्वयन हुन सकेनन् । व्यापारिक सहकार्य पनि अपेक्षाकृत फस्टाउन सकेन ।

सहकार्यलाई भू-राजनीतिक दृष्टिकोणमा सीमित गर्नु नै यसको मूल दोष थियो । भारत र पाकिस्तान गठबन्धनका मूल शक्ति थिए । तर सभ्यतागत दृष्टिकोणले फरक मूल्य-मान्यताको प्रतिनिधित्व गर्दथे । यो तथ्यलाई वास्ता गरिएन । अन्ततः यही नै विवादको जड भयो ।

### विकल्प : मातृभूमि मञ्च

मोटो अर्थमा संसारमा दुईखालका सभ्यता छन्। एकखालको सभ्यताले धर्तीलाई पितृभूमि भन्दछ भने अर्को खालको सभ्यताले मातृभूमि । दुवै सभ्यताका आ-आफ्नै मौलिक ज्ञान प्रणाली, मूल्य-मान्यता, रितिथिति र संस्कृति छन् ।

यी दुईखाले सभ्यताको वैचारिक जग धर्म (प्राचीन ज्ञान प्रणाली) हो । यहुदी, इसाई र इस्लाम जस्ता पन्थले पितृभूमि सभ्यताको निर्माण गरेका छन् । वैदिक, बौद्ध, जैन, बोन, ताओ, मुन्धुम, मष्ट जस्ता पन्थले मातृभूमि सभ्यता निर्माण गरेका छन् ।

मातृभूमि मान्नेहरू पनि दुई खालका छन् । जसले प्रकृतिलाई मूर्त बिम्ब बनाएर पूजा गरे तिनीहरू मूर्तिपूजक कहलिए । यिनीहरूले नै प्रकृतिको मूर्त बिम्बका रूपमा देवीका मूर्ति र चना गरे । जसले प्रकृतिको अमूर्त स्वरूपमा जोड गरे, तिनीहरूले अमूर्त प्रकृतिपूजाको मौलिका प्रणाली विकास गरे । यिनीहरूले ढुंगा, खोला, पानी, हिमाल आदिलाई विना आकृति श्रद्धा गर्ने परम्परा स्थापित गरे । यद्यपि मातृभूमिको अवधारणा यी दुवैको साझा पहिचान हो ।

प्राचीनकालमा मातृभूमि सभ्यता विश्वव्यापी नै थियो । युरो, अफ्रिका, अमेरिका लगायत क्षेत्रमा देवीका प्राचीन मूर्तिहरू फेला परेका छन् । आज पनि फ्रान्स, जर्मनी, रूस, इथियोपिया, केन्या जस्ता मुलुकमा मातृभूमि सभ्यता पाइन्छ । जुनसुकै महादेशका आदिवासी ज्ञान प्रणालीमा मातृभूमिकै मान्यता पाइएको छ ।

यद्यपि, आजको परिवेशमा मातृभूमिको मान्यतालाई आफ्नो पहिचान बनाएका मुलुक सीमित छन् । यसमा नेपाल, भारत, चीन, जापान, म्यान्मार, श्रीलंका, भुटान, थाइल्यान्ड, मंगोलिया, लाओस, कम्बोडिया र भियतनाम मुख्य हुन् । बंगलादेशमा पनि मातृभूमिको मान्यता भएकाले यी मुलुकहरूको पंक्तिमा बंगलादेशलाई पनि समावेश गर्न सकिन्छ । यिनै मुलुकहरूले मातृभूमि सभ्यताको प्रतिनिधित्व गर्दछन् ।

अबको क्षेत्रीय सहकार्य यस्ता राष्ट्रहरू बीच हुनुपर्दछ । वैचारिक-सांस्कृतिक सामीप्यता नै यस्तो खालको सहकार्यको आधार हो । सार्क निष्क्रिय भएको अवस्थामा नेपालले माथि उल्लिखित राष्ट्रहरूसँग यस्तो वैकल्पिक सोच प्रस्ताव गर्नु सान्दर्भिक हुनेछ । जसलाई 'मातृभूमि मञ्च' नाम दिन सकिन्छ ।

### सम्भावना र अवसर

'मातृभूमि मञ्च' विवाद रहित हुन्छ भनेर कल्पना गर्नु यथार्थपरक हुँदैन । यस्तो संगठनमा पनि भारत-चीन र चीन-जापान तनाव प्रकट हुन सक्छ । यद्यपि यस्तो संगठनले सभ्यतागत हितका खास क्षेत्रमा प्रभावकारी काम गर्न सक्छ ।

सबैभन्दा सबल पक्ष, यस्तो संगठन राज्य तहमा सीमित हुँदैन, जनस्तरको सहकार्यमा रूपान्तरण हुन्छ । कारण, उस्तै ज्ञान प्रणाली, सांस्कृतिक मूल्य, ऐतिहासिक सम्बन्ध, जीवन दर्शनले सहकार्यको फराकिलो घेरा निर्माण गर्दछ । यस्तो सहकार्यमा राज्यका उच्च अधिकारी मात्र होइन, सर्वसाधारण पनि जोडिन्छन् ।

यी मुलुकहरू बीच केही विषय तुरुन्तै साझा सहमतिका विषय बन्न सक्छन्। जस्तो कि पुरातात्विक सम्पदा, जैविक विविधता, तीर्थस्थल, मौलिक अभौतिक संस्कृतिको संरक्षण र धार्मिक पर्यटनको विकासको एजेन्डामा तुरुन्तै साझा सहमति बन्न सक्छ । 'मानवअधिकार'को ठाउँमा 'जैविक अधिकार' को अवधारणामा पनि साझा सहमति बन्न सक्छ ।

शिक्षा र स्वास्थ्य सेवाका मौलिक परम्पराको आदान-प्रदान जस्ता विषय साझा सहमतिका विषय बन्न सक्छन्। आ-आफ्नो परिवेश अनुसार आर्थिक विकासका सम्भावना पहिल्याउन र पारस्परिक हितमा व्यापार विनिमय गर्न पनि यस्तो मञ्चले प्रभावकारी भूमिका निर्वाह गर्न सक्छ । मूलतः यी मुलुकहरू बीचको क्षेत्रीय संगठनले सभ्यताको गौरवमा आधारित विकासको साझा मार्गचित्र बनाउन सजिलो हुनेछ ।

अन्त्यमा, दक्षिण एशियामा नेपालको अवस्थितिलाई 'दुई ढुंगा बीचको तरुल' वा 'गतिशील पुल' होइन, 'दुई खेत बीचको नर्सरी' बिम्बले चिनाउन सकिन्छ । हामीले गौरवका साथ भन्नुपर्दछ, नेपालले भारत, चीन लगायत समग्र एशियाली सभ्यतामा वैचारिक ब्रिजको भूमिका निर्वाह गर्न सक्दछ ।

*(स्रोत : अनलाईनखबर)*

# संकट अवसर कि चुनौती



श्रीप्रसाद देवकोटा

संकट आफैं परिवर्तन होइन, परिवर्तनको अवसर मात्र हो । संकट न त पूर्ण रूपमा विनाशकारी हुन्छ, न निर्माणकारी। संकट प्राकृतिक वा आकस्मिक घटना होइन, बरु राज्य संरचना, संस्थागत क्षमता र सामाजिक सम्बन्धहरू कसरी बनेका छन् भन्ने कुराको परिणाम हो ।

युद्ध, राजनीतिक अस्थिरता, आर्थिक संकट, प्राकृतिक विपत्ति र सामाजिक विभाजनले धेरै मुलुक विभाजित भए । ठूलो सामाजिक तथा आर्थिक संकटको सामना गरे । तर त्यही संकट राष्ट्र निर्माणको आधार बन्यो । विभिन्न अन्तर्राष्ट्रिय शोध लेख, विकास अध्ययन र ऐतिहासिक उदाहरणले संकट आफैंले कुनै देश बनाउँदैन; बरु संकटलाई व्यवस्थापन गर्ने क्षमता, संस्थागत संरचना र राजनीतिक नेतृत्वले नै र ाष्ट्रको भविष्य निर्धारण गर्छ भन्ने निष्कर्ष निकालेका छन् ।

संकट विनाशको घटना होइन; बरु राज्य, अर्थतन्त्र र समाजको पुनर्संरचना गर्ने ऐतिहासिक मोड पनि हो । धेरै मुलुक युद्ध, आर्थिक पतन, राजनीतिक अस्थिरता वा सामाजिक विघटन जस्ता गम्भीर संकटबाट गुज्रिएर आज विश्वका सबल, स्थिर र समृद्ध राष्ट्रका रूपमा स्थापित भएका छन् । तर सबै देश संकटपछि सफल हुँदैनन् । केही देशहरू पतन हुन्छन्, केही सुधारिन्छन्, र केही रूपान्तरण भएर शक्तिशाली बन्छन् । यही भिन्नताको अध्ययन नै विकास-अर्थशास्त्र र राजनीतिक समाजशास्त्रको प्रमुख विषय हो ।

दोस्रो विश्वयुद्धपछिको जापान र जर्मनी यसका उत्कृष्ट उदाहरण हुन् । युद्धले दुवै देशलाई लगभग पूर्ण रूपमा ध्वस्त बनाएको थियो । उद्योग, पूर्वाधार र प्रशासनिक प्रणाली सबै भत्किएका थिए । तर केही दशकभित्रै यी देशहरूले अद्भुत आर्थिक पुनरुत्थान गरे। जर्मनीको भिट्र्सशाफ्ट्स-वुन्डर (आर्थिक चमत्कार)र जापानको तीव्र औद्योगिक विकास केवल आर्थिक सहयोगको परिणाम थिएन; यो संस्थागत सुधार, राजनीतिक स्थिरता र शिक्षा तथा उत्पादन प्रणालीमा गरिएको गहिरो लगानीको परिणाम थियो । यही कारणले ती देशहरू आज विश्वका सबैभन्दा विकसित अर्थतन्त्रमध्ये पर्छन् ।

रुवाण्डा, सन् १९९४ को भयावह नरसंहार पछि पूर्ण रूपमा क्षत-विक्षत अवस्थामा पुग्यो । तर सरकार र समाजले जातीय विभाजनलाई घटाउँदै साझा राष्ट्रिय पहिचान निर्माणमा ध्यान दियो । शिक्षा, प्रशासन र सामाजिक नीतिमा एकता र समावेशीकरण मुख्य मुद्दा बन्यो । यसैकारण आज रुवाण्डा अफ्रिकाको तीव्र आर्थिक वृद्धि गर्ने राष्ट्रमध्ये एक बनेको छ ।

अर्कोतर्फ, सोमालिया जस्ता देशहरूले राज्य संरचना कमजोर हुँदा संकटलाई नियन्त्रण गर्न सकेनन् । राज्य विघटन, आन्तरिक द्वन्द्व र संस्थागत अस्थिरताले दीर्घकालीन संकट सिर्जना गऱ्यो । यसको अर्थ संकट आफैं निर्णायक कारक होइन; राज्यको क्षमता र सामाजिक समावेशीकरण मुख्य हो ।

संकटका बेला कुनै देशले समावेशी, पारदर्शी र उत्तरदायी संस्थागत निर्णय गर्छ भने त्यो देश विकासतर्फ अघि बढ्छ । तर यदि निर्णयहरू सीमित वर्गको हितमा केन्द्रित हुन्छन् भने संकट दीर्घकालीन पतनमा परिणत हुन्छ ।

राजनीतिक अर्थशास्त्रका विद्वानहरू डारोन अचेमोग्लु र जेम्स ए. रोबिन्सनका अनुसार जुन मुलुकमा संकटका बेला समावेशी र उत्तरदायी संस्थाहरू निर्माण हुन्छन्, ती मुलुकहरू संकटलाई चिर्दै सफल हुन्छन् । उनीहरूका अनुसार संकटले निर्णायक मोड/मोड बिन्दु (क्रिटिकल जङ्क्चर) सिर्जना गर्छ, जहाँ पुराना शक्ति संरचनाहरू कमजोर हुन्छन् र नयाँ व्यवस्था स्थापना गर्न अवसर खुल्छ । तर उक्त अवसरहरू उपयोग र प्रयोग गर्ने क्षमता सबै देशको समान हुँदैन । यसकारण जुन मुलुकमा सुरक्षा, संस्थागत क्षमता, समावेशीकरण र सामाजिक विश्वास सन्तुलित हुन्छन्, त्यहाँ संकट अवसरमा रूपान्तरण हुन्छ । जुन मुलुकमा यी तत्वहरू कमजोर हुन्छन्, त्यहाँ संकट दीर्घकालीन अस्थिरतामा परिणत हुन्छ ।

आधुनिक राजनीतिक अर्थशास्त्रको निष्कर्ष संकट आफैं निर्णायक कारक होइन, बरु राज्यको क्षमता र सामाजिक समावेशीकरण नै मुख्य निर्धारक हुन् ।

राज्यको क्षमता भन्नाले सरकारको नीतिनिर्माण गर्ने, प्रभावकारी रूपमा कार्यान्वयन गर्ने, सुरक्षा कायम गर्ने र सार्वजनिक सेवा प्रदान गर्ने क्षमता बुझिन्छ। यदि यी संस्थाहरू बलिया छन् भने, प्राकृतिक विपत्ति, आर्थिक संकट वा राजनीतिक अस्थिरता जस्ता चुनौतीलाई पनि व्यवस्थापन गर्न सकिन्छ । तर राज्य कमजोर भएमा सानो संकट पनि दीर्घकालीन विघटनमा रूपान्तरण हुन सक्छ ।

त्यस्तै, सामाजिक समावेशीकरणले समाजका सबै वर्ग, समुदाय र समूहलाई राजनीतिक तथा आर्थिक प्रक्रियामा समान रूपमा सहभागी गराउने अवस्थालाई जनाउँछ । अर्थशास्त्रीहरू, अभिजित वनर्जी र एस्थर डुफ्लोका अनुसार असमानता र बहिष्करणले मुलुकमा दीर्घकालीन अस्थिरता सिर्जना गर्छ । जब समाजमा समावेशीकरण कमजोर हुन्छ, विभाजन, अविश्वास र द्वन्द्व बढ्छ, जसले संकटलाई अझ गहिरो बनाउँछ ।

मुलुकले आधुनिक इतिहासमा विभिन्न प्रकारका संकटहरू भोग्यो। राजनीतिक द्वन्द्व, प्राकृतिक विपत्ति, आर्थिक अस्थिरता र स्वास्थ्य संकट । यी प्रत्येक घटनाले देशलाई गहिरो चुनौती दिए, तर केही अवस्थामा त्यही संकटले महत्वपूर्ण रूपान्तरणको ढोका पनि खोले । यी प्रत्येक संकटले देशको संरचनात्मक कमजोरी उजागर गरेको छ, तर सँगसँगै परिवर्तनको सम्भावना पनि सिर्जना गरेको छ ।

नेपालको दशवर्षे सशस्त्र द्वन्द्व (१९९६-२००६) केवल द्वन्द्व मात्र थिएन; यो राज्यको समावेशीकरणको असफलताको परिणाम थियो । राज्यबाट बहिष्करणमा परेको ग्रामीण क्षेत्र, वर्ग, जातीय समूह र सीमान्तकृत समुदायहरूको असन्तुष्टि द्वन्द्वमा रूपान्तरण भयो । यो संकटले राज्यको वैधतालाई नै प्रश्न गऱ्यो । तर यही संकटपछि भएको शान्ति-सम्झौताले देशलाई नयाँ राजनीतिक संरचनातर्फ मोड्यो । संघीयता, समावेशी प्रतिनिधित्व र संविधान निर्माण जस्ता परिवर्तनहरू यही संकटको परिणाम हुन् । यस अर्थमा, संकटले सिस्टम ब्रेकडाउन मात्र होइन, सिस्टम रि-डिजाइनको अवसर पनि प्रदान गऱ्यो ।

तर यहाँ एउटा महत्वपूर्ण प्रश्न उठ्छ– के यो अवसर पूर्ण रूपमा उपयोग भयो ? पक्कै छैन । संघीयता र समावेशीकरणको संरचना बने तर कार्यान्वयनमा कमजोरी, संस्थागत अस्थिरता र राजनीतिक प्रतिस्पर्धाले अपेक्षित परिणाम दिन सकेको छैन । यसले देखाउँछ कि संकटले अवसर त दिन्छ, तर त्यसलाई रूपान्तरणमा बदल्न इन्स्टिच्युसनल कन्सोलिडेसन आवश्यक हुन्छ ।

त्यसैगरी, २०१५ को भूकम्पले मुलुकको राज्य क्षमताको सीमालाई उजागर गऱ्यो । प्रारम्भिक उद्धार र राहतमा देखिएको ढिलाइ, समन्वयको अभाव र स्रोत व्यवस्थापनको कमजोरीले राज्यको तयारी कमजोर रहेको देखायो । तर दीर्घकालीन रूपमा हेर्दा, यसले जोखिम व्यवस्थापन, भवन संहिता र पुनर्निर्माण नीतिमा सुधारको आवश्यकता स्पष्ट गऱ्यो । यद्यपि पुनर्निर्माण प्रक्रिया अपेक्षाकृत ढिलो रह्यो, यसले एउटा संरचनात्मक पाठ दियो- प्रिपेयर्डनेस विना

...बाँकी पृष्ठ ३ मा

### बागमती प्रदेश प्रहरीद्वारा मासिक प्रगति विवरण सार्वजनिक:

# आपराधिक घटना र आत्महत्या बढ्दो

समाज संवाददाता

हेटौँडा: बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले चैत महिनाको प्रगति विवरण सार्वजनिक गरेको छ। कार्यालयले सोमबार सार्वजनिक गरेको विवरणअनुसार अघिल्लो महिनाको तुलनामा प्रदेशमा अपराधको घटना बढेको छ।

प्रहरीका अनुसार फागुन महिनामा प्रदेशभर कुल ४ सय ५ वटा अपराधका मुद्दा दर्ता भएको थियो भने चैत महिनामा ५ सय ५१ वटा अपराध भएको छ। यस्तै, माघ महिनामा प्रदेशभर कुल ३ सय ८८ वटा अपराधका मुद्दा दर्ता भएको थियो।

चैत महिनामा दर्ता भएका मुद्दाहरुमध्ये सबभन्दा बढी जघन्य तथा गम्भिर अपराधका २ सय ९४ वटा रहेका छन्। यसैगरी आर्थिक अपराधका एक सय १० वटा, महिला, बालबालिका र ज्येष्ठ नागरिकसँग सम्बन्धित अपराध २९ वटा र अन्य अपराधका एक सय १८ वटा मुद्दा दर्ता भएका छन्। यी मुद्दाका ४ सय ५५ जना प्रतिवादीहरुलाई पक्राउ गरिएको प्रहरीले जनाएको छ।

प्रहरीले यस अवधिमा फैसला कार्यान्वयन भई विभिन्न मुद्दाका ३ सय ७८ जना प्रतिवादीलाई पक्राउ गरी कुल २ करोड २८ लाख ५६ हजार ३ सय १९ रुपैयाँ जरिवाना रकम असुल गरेको छ। कार्यालयको तथ्याङ्कअनुसार चैत महिनामा ७४ जना महिला, ३४ जना पुरुष, ४५ जना बालिका, २५ जना बालक र ८ जना ज्येष्ठ नागरिक (पुरुष) गरी प्रदेशका कुल १ सय ८६ जना हराएका छन्। हराएकाहरुमध्ये ४४ जना महिला, ३७ जना बालिका, २० जना बालक, १७ जना पुरुष र ७ जना ज्येष्ठ नागरिकलाई खोज्न प्रहरी सफल भएको छ भने बाँकीको खोजतलास जारी छ।

एक महिनाको अवधिमा कार्यालयमा एक हजार ८ सय १३ वटा निवेदन प्राप्त भएको छ, । जसमध्ये सिधै प्रहरी कार्यालयमा एक हजार ४ सय ८६ वटा र प्रशासन कार्यालयबाट ३ सय २७ वटा निवेदन प्राप्त भएको हो। चैत महिनामा सबभन्दा बढी घरेलु हिंसाको ७ सय ५९ वटा निवेदन प्राप्त भएकोमा ५ सय ५७ वटा मिलापत्र भइसकेको, एक सय ३६ वटा अदालतमा रहेको छ भने ७ वटा निवेदनका पीडितहरु सम्पर्कमा आउन सकेका छैनन्।

लागूऔषध नियन्त्रणतर्फ प्रहरीले चैत महिनामा ठूलो सफलता प्राप्त गरेको जनाएको छ। प्रहरीले ४ सय ३१ किलो गाँजा, ३ किलो ६७८ ग्राम अफिम, ९९ ग्राम ५२० मिलिग्राम चरेश र १२१ ग्राम ७ मिलिग्राम खैरो हिराइन बरामद गरेको छ। यसैगरी, ४ हजार २ सय ३९ वटा ट्रमाडोल क्याप्सुल, एक हजार ५ सय ५० वटा अनार्गन ट्याब्लेट, एक हजार ३ सय वटा भोमिन-२५ ट्याब्लेटसहित विभिन्न लागूऔषध बरामद गरेको छ। लागूऔषध कारोबारमा संलग्न एक सय ६२ जनालाई पक्राउ गरी ८० वटा मुद्दा दर्ता गरिएको छ।

घरेलु मदिरा नष्ट गर्ने अभियान अन्तर्गत प्रहरीले ९ हजार ३ सय ७२ लिटर मदिरा, २ हजार ८ सय २ लिटर कच्चा पदार्थ र १ हजार ६ सय ५३ किलो मर्चा नष्ट गरेको छ। यसैगरी विभिन्न स्थानमा सञ्चालित २६ वटा मदिरा भट्टी नष्ट गरिएको छ।

चैत महिना प्रदेशभरमा कुल ६९ जनाले आत्महत्या गरेका छन्। यसअघि फागुन महिनामा ६७ जना र माघ महिनामा ६४ जनाले आत्महत्या गरेका थिए। पछिल्लो दुई महिनाको तुलनामा चैत महिनामा सवारी दुर्घटनामा कमी आएको छ। माघमा एक सय ५७ वटा र फागुन महिनामा एक सय ६३ वटा सवारी दुर्घटना भएकोमा चैत महिना एक सय ४२ वटा सवारी दुर्घटना भएको छ। सवारी दुर्घटनामा परी ३० जनाले ज्यान गुमाएका छन् भने दुई सय ९५ जना घाइते भएका छन्।

ट्राफिक नियम उल्लंघन गर्ने १० हजार ३ सय १२ वटा सवारीलाई करवाही गर्दा ९४ लाख ७३ हजार ५ सय रुपैयाँ राजस्व संकलन भएको छ। यस्तै, भन्सार छली गरी ल्याइएका १ करोड ७० लाख १ हजार ५ सय ८३ रुपैयाँ बराबरका सामान बरामद गरिएको छ भने सो कार्यमा संलग्न ७ जनालाई पक्राउ गरिएको छ।

प्राकृतिक सम्पदा दोहनमा संलग्न ७४ सवारी साधनलाई कारबाही गरी १० लाख ५७ हजार रुपैयाँ राजश्व संकलन गरेएको छ। अवैध हातहतियारतर्फ १२ नाल भरुवा बन्दुक बरामद गरिनुका साथै ३ जनालाई पक्राउ गरिएको हो। प्रहरीले समुदायमा सचेतना फैलाउन लागूऔषध, ट्राफिक नियम र साइबर अपराधलगायतका विषयमा ८ सय २३ वटा जनचेतनामूलक कार्यक्रमहरुसमेत सञ्चालन गरेको प्रगति विवरणमा उल्लेख छ।

### बुढाथोकी प्रदेशको सर्वोत्कृष्ट प्रहरी घोषित

हेटौँडा: बागमती प्रदेश प्रहरी तालिम केन्द्र दुधौली, सिन्धुलीमा कार्यरत प्रहरी नायव निरीक्षक राजकुमार बुढाथोकी प्रदेशकै सर्वोत्कृष्ट प्रहरी घोषित भएका छन्। प्रदेश प्रहरी कार्यालयले शुक्रबार बुढाथोकीलाई चैत महिनाको सर्वोत्कृष्ट प्रदेश प्रहरी घोषणा गर्दै पुरस्कृत गरेको हो।

प्रहरी नायव निरीक्षक बुढाथोकीले प्रभावकारी प्रशिक्षण सञ्चालन गरी सक्षम तथा अनुशासित प्रहरी जनशक्ति उत्पादन गर्नुका साथै अन्य कार्यहरुमा पनि समन्वयात्मक भूमिक निर्वाह गरेकोले सर्वोत्कृष्ट घोषित गरिएको प्रदेश प्रहरी कार्यालयले उल्लेख गरेको छ। आन्तरिक प्रशिक्षकको भूमिकामा रहनुभएका उहाँले प्रशिक्षार्थीहरुलाई सैद्धान्तिक तथा व्यवहारिक ज्ञान, सिप प्रदान गर्नुहुन्छ।

*संकट अवसर...*

रिजिलिएन्स सम्भव छैन।

कोभिड-१९ महामारीले नेपालको अर्थतन्त्रको अर्को गहिरो समस्या उजागर गऱ्यो। अत्यधिक रेमिट्यान्स निर्भरता र कमजोर औद्योगिक आधार। जब कोभिड-१९ का कारण वैदेशिक रोजगारी प्रभावित भयो, देशको आन्तरिक आर्थिक संरचना कमजोर देखियो। तर यही संकटले स्थानीय उत्पादन, कृषि पुनरुत्थान र डिजिटल अर्थतन्त्रको सम्भावना पनि देखायो। यसले एउटा गहिरो प्रश्न उठायो, नेपालको विकास मोडेल कति टिकाउ छ ?

समग्रमा, मुलुकले भोगेका सबै संकटले एउटै कुरा देखाउँछन्, संकटले समस्या सिर्जना भन्दा बढी, पहिलेबाट रहेका संरचनात्मक कमजोरीहरूलाई उजागर गर्छ। नयाँ समस्या कम र पुराना समस्यालाई तीव्र बनाउँछ।

दार्शनिक रूपमा हेर्दा, यो प्रक्रिया ज्योर्ग विल्हेल्म फ्रिड्रिख हेगेलको द्वन्द्वात्मक सिद्धान्त, 'विरोधाभास'सँग मेल खान्छ। उनका अनुसार विरोधाभासबाट नयाँ संरचना जन्मिन्छ। त्यस्तै, जोसेफ शुम्पेटरको 'क्रिएटिभ डिस्ट्रक्सन' अवधारणा अनुसार पुरानो संरचना नष्ट भएपछि मात्र नयाँ, प्रभावकारी संरचना सम्भव हुन्छ।

तर यहाँ एउटा महत्वपूर्ण पक्ष, सबै विनाशले सिर्जना जन्माउँदैन। यदि राज्यको क्षमता कमजोर छ भने, विनाशले केवल अराजकता जन्माउँछ। यही कारणले सोमालिया जस्ता देशहरूमा संकटले रुपान्तरण होइन, दीर्घकालीन विघटन सिर्जना गरेको छ।

यस सन्दर्भमा नेपाल कहाँ उभिएको छ भन्ने प्रश्न महत्वपूर्ण छ। मुलुक पूर्ण रूपमा विघटनतर्फ गएको छैन, तर पूर्ण रुपमा रुपान्तरण पनि भएको छैन। यसलाई 'इनकम्प्लिट ट्रान्सफर्मेसन' भन्न सकिन्छ, जहाँ संरचनात्मक परिवर्तन शुरु भएको छ, तर स्थायित्व प्राप्त गरेको छैन।

यसको अर्थ हो- परिवर्तनको प्रक्रिया शुरु भएको छ, पुरानो संरचनाहरु आंशिक रुपमा भत्किएका छन्, र नयाँ संरचनाहरु निर्माण भइरहेका छन्, तर ती अझै स्थायित्व र संस्थागत मजबुतीमा पुग्न सकेका छैनन्। यसले राज्यलाई एक 'ट्रान्जिसन फेज' मा राख्छ, जहाँ भविष्यको दिशा खुला तर अनिश्चितता पनि उच्च हुन्छ।

*(देवकोटा, शोधकर्ता हुन्। स्रोत: अनलाईनखबर)*

सामुदायिक रेडियो,
रेडियो निकास
९३.४ मेगाहर्ज
सुनौं
र सुनाऔं

### फाखेल-मातातीर्थ सडक निर्माण अधुरै

# ठेकेदारलाई १० प्रतिशत जरिवाना

हेटौंडा : बागमती प्रदेशको राजधानी हेटौंडा र संघीय राजधानी काठमाडौं जोड्ने सबैभन्दा छोटो दुरीको वैकल्पिक मार्गका रूपमा हेरिएको 'फाखेल-मातातीर्थ-सतुंगल' सडक निर्माण अझै अधुरो छ। प्रदेश सडक गुरुयोजनामा समेटिएको यस सडकको निर्माण कार्य सुरु भएको सात वर्ष बितिसक्दा पनि अझै सम्पन्न हुन नसकेको हो। यस सडकको ट्र्याक खोल्ने काम तत्कालीन जिल्ला विकास समिति काठमाडौंले २०५५ सालमै सुरु गरेको थियो। झन्डै १२ वर्षमा ट्र्याक खुलेको यस सडकको निर्माण कार्य १७ जेठ २०७६ मा बागमती प्रदेश सरकारमार्फत अघि बढाइएको थियो।

कुल १४ दशमलव ४ किलोमिटर सडकलाई मकवानपुर र काठमाडौं गरी दुई खण्डमा विभाजन गरेर ठेक्का लगाइएको छ। काठमाडौं खण्डअन्तर्गत मकैबारीदेखि मातातीर्थसम्मको ८ दशमलव १ किलोमिटर सडकको निर्माण कार्य कछुवा गतिमा देखिएको छ। पूर्वाधार विकास कार्यालय ललितपुरमार्फत अमर कन्स्ट्रक्सनले २०७६ सालमा भ्याटसहित करिब २८ करोड रुपैयाँमा यसको ठेक्का लिएको थियो। पटक-पटक गरी पाँच पटकसम्म म्याद थप्दा पनि काम नसकिएपछि प्रदेश सरकारले निर्माण कम्पनीलाई ठेक्का रकमको १० प्रतिशत जरिवाना लगाएको पूर्वाधार विकास कार्यालय ललितपुरका प्रमुख राजु श्रेष्ठले जानकारी दिए। साढे २ करोड बढी जरिवाना ठेक्काको रकमबाट काटिने उनले बताए।

यसअघि म्याद थप गर्न नखोज्दा कम्पनीले दाबी विरोध गरेपछि यो वैशाख मसान्तसम्म काम सक्ने गरी समय दिएको उनले बताए। 'यो वैशाखमा पनि काम सकिएला जस्तो छैन। काम सकिएन भने नियमअनुसार कार्यालय अगाडि बढ्छ,' उनले भने। प्रमुख श्रेष्ठका अनुसार निर्माण कम्पनीले कालोपत्रे गर्नका लागि बेस हालिसकेको छ। यस खण्डको हालसम्म भौतिक प्रगति ६७ प्रतिशत र वित्तीय प्रगति ६६ दशमलव ०२ प्रतिशत मात्रै रहेको छ।

मकवानपुर खण्डअन्तर्गत महालक्ष्मी खोलादेखि चखेल-मकैबारीसम्मको ६ दशमलव ३ किलोमिटर सडकको निर्माण कार्य भने सन्तोषजनक देखिएको छ। सदाशिव हिमाल कन्स्ट्रक्सनले १८ करोड ४६ लाख रुपैयाँमा ठेक्का लिएको यस खण्डको ९० प्रतिशत भौतिक प्रगति भइसकेको छ। पूर्वाधार विकास कार्यालय मकवानपुरका प्रमुख इन्जिनियर सुजन भण्डारीका अनुसार यस खण्डमा ३ किलोमिटर सडक कालोपत्रे र ढलान भइसकेको छ भने बाँकी ३.३ किलोमिटर सडक आगामी वैशाखभित्र सम्पन्न गर्ने लक्ष्य राखिएको छ। यस खण्डको म्याद आगामी जेठ २५ गतेसम्म रहेको छ।

महालक्ष्मी खोलादेखि काठमाडौंको कलंकीसम्म करिब २० किलोमिटर मात्र दुरी रहने यो सडक हेटौंडा-काठमाडौं जोड्ने अन्य मार्गहरु (सिस्नेरी वा फाखेल (फर्पिङ) भन्दा छोटो मानिन्छ। चखेल क्षेत्र तरकारी उत्पादनको पकेट क्षेत्रसमेत रहेकाले यो सडक सम्पन्न भएमा स्थानीय किसानका उत्पादन काठमाडौंको कालीमाटीसम्म सहजै पुऱ्याउन र यात्रुहरुलाई छिटो छरितो यात्रा गर्न ठूलो टेवा पुग्ने अपेक्षा गरिएको छ। तर, काठमाडौं खण्डको सुस्त कामका कारण यो लक्ष्य अझै पूर्ण हुन सकेको छैन। *स्रोत : अनलाइनखबर।*

# प्रतिनिधिसभा सदस्य गौतमसँग छलफल

समाज संवाददाता

हेटौँडा : मकवानपुर उद्योग वाणिज्य संघको आयोजनामा मंगलबार प्रतिनिधि सभा सदस्य प्रकाश गौतमसँग मकवानपुरका व्यवसायीले छलफल गरेका छन्। संघका अध्यक्ष प्रमोद सिंह रानाभाटको अध्यक्षतामा कार्यक्रम भएको हो। छलफलमा संघका अध्यक्ष रानाभाटले विक्री मूल्य अनिवार्य गर्नुपूर्व व्यवसायीलाई पर्याप्त समयसीमा र सचेतना कार्यक्रम चलाउनुपर्ने, वीरगंज जानुपर्ने बाध्यता हटाउन हेटौंडामा नापतौल कार्यालय स्थापना गर्नुपर्ने, भारतीय पर्यटकहरुलाई थप आकर्षित गर्न पूर्वाधार विकासमा लगानी बढाउनु पर्ने, भीडभाड भइरहने हेटौंडा अस्पतालमा गएर नजिकै रहेको हेटौंडा आँखा अस्पतालका लागि रिफर लिनुपर्ने बाध्यता हटाउनुपर्ने, क्रसर उद्योगलाई पुनः संचालनमा ल्याउन नियमन गर्नुपर्ने, विस्तारित मयुरधाप औद्योगिक क्षेत्र सिघ्र संचालनमा ल्याउनुपर्ने, सडक विस्तारको अन्यौलता हटाउनुपर्ने जस्ता धारणा राख्नुभएको थियो।

कार्यक्रममा सुनचाँदी धर्म र संस्कारसंग जोडिएकोले विलासिता कर हटाउनुपर्ने, घरव्यवहार चलाउन पूराना गहनाको बिल नहुँदा समस्या पर्ने देखिएकोले कर कार्यालय, वडा वा प्रहरीबाट प्रमाणित गराई बिक्री गर्न मिल्ने व्यवस्था आवश्यक रहेको, कृषि उत्पादनको बजारीकरणका लागि राज्यले साथ दिनुपर्ने, कृषि उपजको सहज आयात, निर्यात तथा ढुवानीको वातावरण बनाउनुपर्ने, जमिन बाँझो राख्न नहुने नीति बनाउन पर्ने, हाल केरामा भइरहेको तस्करी नियन्त्रण गर्नुपर्ने, किसान, व्यवसायी र सरकारको सहकार्यमा कृषि सम्बन्धी नीति बनाउनुपर्ने, हेटौंडा बजारमा सिसिटिभीको प्रभावकारी व्यवस्था हुनुपर्ने, विस्तारित मयुरधाप औद्योगिक क्षेत्रलाई बफर जोन क्षेत्रबाट अलग्याउनुपर्ने, हेटौंडा सिमेन्ट उद्योग बन्द भइरहने अवस्थाको अन्त्य गर्दै निरन्तर संचालन र फाष्टाउने स्थितिमा पुऱ्याउनुपर्ने, हेटौंडा कपडा उद्योग संचालन हुँदा हजारौले रोजगारी पाउने र राज्यलाई आम्दानी हुने जस्ता विषयहरुमा चर्चा गरिएको थियो।

प्रतिनिधि सभा सदस्य प्रकाश गौतमले हेटौंडा सिमेन्टको निरन्तर संचालन र हेटौंडा अस्पताल स्तरोन्नतिका लागि आफू परिणाम दिनेगरी खटिरहेको, हेटौंडामा सिसिक्यामेरा जडानको लागि गृह मन्त्रालयसँग बजेटको लागि पहल भइरहेको, औद्योगिक क्षेत्रलाई व्यवस्थित संचालनको लागि संसदमा आफ्नो धारणा राख्ने समय लिएको, सडक विस्तारको विषयमा समाधान निकाल्न छलफल गरिरहेको, सबैको साथ लिएर काम गर्न चाहेको बताउनुभएको थियो।

कार्यक्रममा मउवासंघका महासचिव प्रतिमा श्रेष्ठ, मकवानपुर सुनचाँदी व्यवसायी संघका अध्यक्ष गोपिलाल विक, मकवानपुर फलफुल तथा तरकारी व्यापारी संघका अध्यक्ष कृष्ण हुमागाई, मोबाइल एशोसिएसनका अध्यक्ष सागर न्यौपाने, मउवासंघ उपाध्यक्ष उज्वल चौलागाई, पूर्वअध्यक्ष अरुणराज सुमार्गी, नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशका सदस्य उत्तम शर्मा ढकाल र वरिष्ठ उपाध्यक्ष दिपक उप्रेतीले मन्तव्य राख्नुभएको थियो।

### बागमतीमा प्रशासनिक 'सर्जरी'

# ५ निर्देशनालय खारेज गरिँदै




समाज संवाददाता

हेटौँडा : बागमती प्रदशेमा संस्थागत तथा प्रशासनिक सुधारका लागि विभिन्न मन्त्रालयका ५ वटा निर्देशनालय खारेजीको तयारी गरिएको छ। चुस्त प्रशासन तथा संगठन कायम गर्न उद्देश्य अनुसार प्रदेश सरकारले हाल कायम रहेको ७ मध्ये २ वटा निर्देशनालय मात्र राख्ने तयारी गरेको छ। सरकारले प्रदेशका ५ मन्त्रालयका निर्देशनालयहरु खारेज गर्ने तयारी गरेको छ।

प्रदेशको कृषि निर्देशनालय र पशुपन्छी विकास निर्देशनालयलाई एकीकृत गरेर एक वटा कायम गर्न तयारी गरेको छ भने शिक्षा विकास निर्देशनालय कामय गरेर अन्य सबै निर्देशनालयहरु खारेजीको तयारीमा सरकार अघि बढेको छ। सरकारले खारेजीको तयारी गरेको निर्देशनालयहरुमा यातायात पूर्वाधार निर्देशनालय, स्वास्थ्य निर्देशनालय, वन निर्देशनालय र उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय रहेका छन्। प्रदेशका कृषि तथा पशुपन्छी विकास मन्त्री मधुसुदन पौडेलको नेतृत्वमा रहेको प्रशासनिक पुनर्संरचना तथा सुधारका लागि गठित उच्चस्तरीय निर्देशन समितिले उक्त निर्देशनालय खारेजीको अन्तिम तयारी थालेको हो। सो समितिले गत मंसिरमा विज्ञ समुह गठन गरी पूर्वसचिव विमल वाग्लेको नेतृत्वमा अध्ययन गरी तयार गरेको प्रतिवेदनको आधारमा निर्देशनालय खारेजीको तयारी गरेको हो।

सोही अनुसार निर्देशक समितिले सबै मन्त्रालय र विषयगत संसदीय समितिहरुलाई सुझाव पेश गर्न पत्राचार समेत गरेको छ भने शुक्रबार भित्र सुझाव दिइसक्न भनेको छ। उक्त सुझावका आधारमा प्रशासनिक पुनर्संरचना कार्यान्वयन गरेर सरकारले आगामी आर्थिक वर्षको बजेट कार्यक्रमको सिलिङ निर्धारण गर्ने तयारी गरेको छ। सरकारले प्रशासनिक खर्च कटौती र कार्यसम्पादनमा दोहोरोपन हटाउन भन्दै अघि बढाएको उक्त निर्णय विवादास्पद बन्दै गएको छ। सरकारले सेवा क्षेत्रको निर्देशनालय कायम राखेर अन्य निर्देशनालयहरुलाई खारेज गर्ने रणनीति लिएसंगै कर्मचारी तथा प्रशासनिक क्षेत्रमा सो कदमको विवाद हुन थालेको हो। नीतिगत तथा समन्वय र तथ्यांक संकलनका लागि निर्देशनालय महत्वपूर्ण संरचना रहेकाले खारेज गर्नु नुहने कर्मचारीहरुको भनाई छ।

पूर्व सहसचिव यज्ञनाथ दाहालले निर्देशनालय खारेजीको निर्णयले कानूनी र व्यवस्थापकीय जटिलता निम्त्याउने बताए। निर्देशनालय खारेजी केवल प्रशासनिक निर्णय मात्र नभई जटिल कानूनी विषय भएकाले सोझै खारेजीको निर्णय उपयुक्त नहुने उनले बताए। दाहालका अनुसार वन ऐनमा प्रदेश वन निर्देशकको पद र भूमिका स्पष्ट रुपमा किटान गरिएको छ। विशेषगरी सामुदायिक वन फिर्ता लिने जस्ता विवादहरुमा डिभिजन वन कार्यालयको निर्णय विरुद्ध उजुरी सुन्ने अन्तिम पुनरावेदन अधिकारीको रुपमा निर्देशकलाई तोकिएको उनले बताए।

'हाम्रो संविधानले वन, शिक्षा, उद्योग, भौतिक लगायतका विकासको काम संयुक्त अधिकार सूचिमा रहेको छ। साझा अधिकारको सूचीमा रहेको र संघीय कानूनमा समेत निर्देशनालयको भूमिका हुन्छ। प्रदेशले मात्र निर्णय गर्दा कानूनी रुपमा सरकार कमजोर हुनसक्छ। संघीय कानून संशोधन नगरी निर्देशनालय हटाउँदा अदालतमा मुद्दा पर्दा प्रदेश सरकारले हार्ने निश्चित छ।' उनले भने, 'यदि निर्देशनालय खारेज गर्ने हो भने सुरुमा प्रदेश र संघीय दुवै वन ऐनहरु संशोधन गर्नुपर्छ। वन क्षेत्रको हकमा ऐनमा व्यवस्था भएको पुनरावेदन सुन्ने अन्तिम अधिकार मन्त्रालयको एउटा महाशाखालाई दिँदैमा कानूनी रुपमा त्यो वैध नहुन सक्छ।'

प्राविधिक र अर्ध-फौजी संरचनाका रुपमा रहेको वन क्षेत्रमा चेन अफ कमाण्ड नमिल्दा प्रशासन सञ्चालनमा समस्या आउने उनको भनाई छ। उनका अनुसार मन्त्रालयको एउटा महाशाखाले नीतिगत काम गर्न सके पनि फिल्डमै पुगेर गरिने प्राविधिक अनुगमन र व्यवस्थापन प्रभावकारी हुन सक्दैन। सरकारको खर्च कटौती गर्ने उद्देश्य राम्रो भए पनि कानूनी आधार तयार नगरी चालिने कदमले प्रशासनिक अराजकता ल्याउन सक्ने उनले बताए।

**होटल स्मारकको संक्षिप्त वातावरणीय अध्ययन (BES) को सार्वजनिक सूचना**

प्रथम पटक प्रकाशित मितिः २०८३/०१/१०

बागमती प्रदेश, मकवानपुर जिल्ला, हेटौंडा उप-महानगरपालिकामा होटल स्मारक प्रा.लि. द्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

| | | |
|---|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | होटल स्मारकको प्रा.लि.<br>हेटौंडा उप-महानगरपालिका वडा नं.११, स्मारकरोड, मकवानपुर, बागमती प्रदेश | |
| **प्रस्तावको व्यहोरा** | **प्रस्तावः होटल स्मारकको प्रा.लि.**<br>**मुख्य विशेषताः** | |
| | **आयोजना रहेको जग्गाको कुल क्षेत्रफल** | ४,२१५.२४ वर्ग मि. (३-६-१७.४२) |
| | **कित्ता नं.** | ३५१८, ३६२२, ३५१९, ३५१७, १३५०, ३५२०, ३५५६,३५६९, ३५५५,१३८०९, ६८२३, १२०२२, ३५०९, १३८११, १२०१९ |
| | **आयोजनाको उद्देश्य** | होटल सञ्चालन |
| | **जम्मा कोठा तथा बेड क्षमता** | ३० कोठामा **५०** बेड |
| **प्रभाव पर्न सक्ने न.पा. / जिल्ला** | हेटौंडा उप-महानगरपालिका वडा नं.११, स्मारकरोड, मकवानपुर | |

माथि उल्लिखित प्रस्तावको संक्षिप्त वातावरणीय अध्ययन गर्ने सिलसिलामा, बागमती प्रदेश वातावरण संरक्षण ऐन, २०७७ (संशोधन, २०७९) को दफा (६) को उपदफा २(१) को प्रावधान अनुसार राय सुझाव सङ्कलन प्रयोजनको लागि यो सुचना प्रकाशित गरिएको छ। उक्त प्रस्ताव (होटल सञ्चालन) कार्यान्वयन गर्दा त्यस क्षेत्रको भौतिक, जैविक, रासायनिक, सामाजिक, आर्थिक तथा सांस्कृतिक वातावरण एवं अन्य क्षेत्रमा प्रभाव पर्ने वा पर्न सक्ने भए सो सम्बन्धमा यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र निम्न ठेगानामा आइपुग्ने गरी लिखित राय सुझावहरु पठाउनु हुन सम्बन्धित स्थानीय, सबै सरोकारवालाहरुलाई अनुरोध गर्दछौं।

राय सुझाव पठाउने ठेगाना

| प्रस्तावकः | सम्बन्धित नगरपालिकाः | परामर्शदाताः |
|---|---|---|
| होटल स्मारकको प्रा.लि<br>हेटौंडा उपमहानगरपालिका वडा नं. ११, मकवानपुर<br>स्मारकरोड, बागमती प्रदेश,<br>फोन नं: ०५७-५९०१७०<br>इमेलः info@hotelsamarak.com | हेटौंडा उप-महानगरपालिका वडा नं.११,<br>मकवानपुर, बागमती प्रदेश<br>फोन नं: ०५७-५२०३७७<br>इमेलः info@hetaudamun.gov.np | जूनिपर इन्भाईरोमेण्टल एण्ड रिसर्च कन्सल्टेन्ट, काठमाडौं,<br>फोन नं: ०१-५९१४३५४<br>इमेल info.jerc@gmail.com |


**सूचना, सूचना, सूचना**

जन्म, मृत्यु, बसाइँसराइ एवम् सम्बन्ध बिच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो। जन्मदर्ता बालबालिकाको नैसर्गिक अधिकार हो। जन्म, मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले दिन सक्नेछन्। बसाइँसराई गर्दा व्यक्ति आफू मात्र बसाइँ सरी गए व्यक्तिले, परिवार नै गए परिवारको मुख्य व्यक्तिले दर्ता गर्नुपर्ने छ। बिवाहको सूचना पति, पत्नी वा दुवैले दिनुपर्दछ। सम्बन्ध बिच्छेदको सूचना अदालतको निर्णय सहित पति वा पत्नीले दिन सक्छन्।

**नरनाथ सुवेदी**
**वडा अध्यक्ष एवम्**
**१९ नम्बर वडा कार्यालय**

**हेटौंडा रिफरेन्स ल्यावरोटरी**

ELISA, CLIA **तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ।**



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ।

**(HRL)**

**खुल्ने समयः विहान ७:०० बजेदेखि बेलुका ७:०० बजेसम्म**

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५० प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।

थप जानकारीको लागि **HRL**

**हेटौंडा रिफरेन्स ल्यावरोटरी**

हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

# ‘प्राविधिक काम मन्त्रालयबाट सम्भव छैन’

समाज संवाददाता

हेटौँडा : सरकारले निर्देशनालय खारेज गरेर मन्त्रालयको महाशाखाको रुपमा राख्ने तयारी गरेसँगै कर्मचारीहरुले उक्त विषय उचित नहुने ठहर गरेका छन् । भौतिक पूर्वाधार विकास मन्त्रालयका एक उपसचिवका अनुसार मन्त्रालयले नीतिगत काम गर्ने भए पनि पुल र सडकको विस्तृत डिजाइन, लागत अनुमान स्वीकृति र जटिल ठेक्का व्यवस्थापन जस्ता कार्यहरु विशुद्ध प्राविधिक हुन् । उक्त कार्य मन्त्रालयको प्रशासनिक संरचनाबाट सम्भव नरहेको उनको भनाइ छ ।

विगत ७ वर्षमा निर्देशनालयले २ हजार किलोमिटरभन्दा बढी सडक स्तरोन्नति, १७० वटा सडक पुल र १९० भन्दा बढी झोलुंगे पुल निर्माणमा नेतृत्वदायी भूमिका खेलेको उनले बताए । सडकको गुणस्तरका लागि सूचना व्यवस्थापन प्रणाली, सडक सम्पत्ति व्यवस्थापन जस्ता आधुनिक प्रविधिहरु भित्र्याउने योजना निर्देशनालयबाट उपयुक्त हुने उनको भनाई छ । आकस्मिक समयमा बेलिब्रिज जडान र लामो दूरीका झोलुंगे पुल निर्माणमा निर्देशनालय अपरिहार्य निकाय रहेको उनले बताए ।

भौतिक पूर्वाधार विकास मन्त्रालय अन्तर्गतको सडक पूर्वाधार क्षेत्र हेर्ने विभागस्तरीय कार्यालय निर्देशनालय संघीय सरकारको संगठन संरचना अनुसार प्रदेश स्थापनाकालदेखि नै क्रियाशील रहेको उनले बताए । उनका अनुसार अधिकृतस्तर एघारौं तह (निर्देशक) को नेतृत्वमा सञ्चालित निर्देशनालयले प्रादेशिक सडक गुरुयोजना अनुसार सडकहरुको निर्माण, विस्तार, मर्मत र नियमन गर्ने, लागत अनुमान स्वीकृति, बोलपत्र कागजात स्वीकृत, ठेक्का सम्झौता, भेरिएसन आदेश र म्याद थप सम्बन्धी निर्णयहरु गर्ने, मातहतका कार्यालयबाट सञ्चालित आयोजनाहरूको प्राविधिक अनुगमन, निरीक्षण र मूल्यांकन गर्ने काम गर्दै आएको छ । आयोजना कार्यान्वयनमा आउने प्राविधिक समस्या समाधानका लागि परामर्श दिने र नलेज ट्रान्सफर हबको रुपमा कार्य गर्ने निर्देशनालयबाट हुँदै आएको छ ।

सडक विकासका लागि सार्वजनिक-निजी साझेदारी र हाइब्रिड एन्नुइटी मोडलका लगानीका अवधारणामा निर्देशनालयले कार्य गर्ने र प्रदेशस्तरमा प्राविधिक स्टाफ कलेज स्थापना र विश्वविद्यालयहरुसँग सहकार्य गरी अनुसन्धानमूलक कार्यमा अघि बढाउन सक्ने अवस्था रहेको छ । डिजाइन परीक्षण, लागत अनुमान र गुणस्तर सुनिश्चितता जस्ता विशुद्ध प्राविधिक कामहरु नीति निर्माण गर्ने मन्त्रालयबाट सम्भव नहुने, मातहतका सबै कार्यालयका खरिद प्रक्रिया र ठेक्का व्यवस्थापनमा एकरुपता ल्याउन निर्देशनालय आवश्यक रहने, पूर्वाधार आयोजनाहरुको वातावरणीय प्रभाव मूल्यांकन र अनुगमनका लागि निर्देशनालयको भूमिका महत्वपूर्ण हुनेछ । यस्तै नीति बनाउने मन्त्रालय र कार्यान्वयन गर्ने फिल्ड कार्यालयहरुबीच पुलको काम गर्न र प्राविधिक हस्तक्षेप गर्न निर्देशनालय अपरिहार्य रहन्छ ।

प्रदेशको वन तथा वातावरण मन्त्रालयका एक उपसचिवका अनुसार वन निर्देशनालयको खारेजीसँगै कानूनी जटिलता निम्त्याउने देखिन्छ । संघीय र प्रादेशिक वन ऐन, २०७६ ले निर्देशनालयलाई प्रशासनिक मात्र नभई अर्धन्यायिक अधिकार समेत दिएको उनले बताए । डिभिजनल वन अधिकृतले सामुदायिक वा धार्मिक वन फिर्ता लिने निर्णय गरेमा त्यसविरुद्ध निर्देशनालयमा उजुरी गर्ने र निर्देशकले गर्ने निर्णय अन्तिम हुने कानूनी व्यवस्था रहेकाले निर्देशनालय खारेज भएमा जनताको उजुरी सुन्ने निकाय नै शून्य हुने देखिन्छ । प्रदेशका २२ वटा बजेट कार्यान्वयन इकाई र १ हजार १५ कर्मचारीहरुको कार्यसम्पादन मूल्यांकन र सुक्ष्म अनुगमन निर्देशनालयले गर्दै आएको उनले बताए ।

जग्गा प्राप्त गर्ने विषयमा चित्त नबुझेमा अदालतले पाए सरहको अधिकार प्रयोग गरी जाँचबुझ र निर्णय गर्ने अधिकार निर्देशनालयलाई दिइएको उनको भनाई छ । वन सेवा एक प्राविधिक र फौजी संरचना समेत भएकोले पद सोपान र चेन अफ कमाण्ड कायम राख्न निर्देशनालय अपरिहार्य रहेको उनले बताए । उनका अनुसार साझेदारी वन, जडीबुटी पकेट क्षेत्र, र रणनीतिक योजनाहरुको प्राविधिक परीक्षण गरी स्वीकृत गर्ने वा मन्त्रालयमा सिफारिस गर्ने मुख्य जिम्मेवारी निर्देशनालयको हो । २५ लाख रुपैयाँभन्दा बढी मूल्यको वन पैदावार लिलाम बिक्रीको स्वीकृति दिने अधिकार निर्देशकमा निहित रहेको र प्रदेशको वातावरणीय कानून बमोजिम प्रारम्भिक वातावरणीय परीक्षण गरी प्रतिवेदन पेश गर्ने र उद्योगहरुको प्रदूषण अनुगमन गर्ने कार्य निर्देशनालयको रहेको उनले बताए ।

निर्देशनालय खारेज भएमा डिभिजन वन कार्यालयका निर्णयहरु विरुद्ध उजुरी सुन्ने निकाय शून्य हुने र कानूनी जटिलता उत्पन्न हुने, मन्त्रालयले नीति निर्माण गर्ने र निर्देशनालयले कार्यान्वयनको प्राविधिक पक्ष हेर्ने हुँदा, निर्देशनालय हटाउँदा मन्त्रालयमा कार्यबोझ बढ्ने र गुणस्तर खस्कने र ठूलो संख्यामा रहेका प्राविधिक कर्मचारीहरूको व्यवस्थापन र अनुगमनका लागि मन्त्रालय र फिल्ड कार्यालयबीचको समन्वयको माध्यम संरचना आवश्यक रहेको बताइएको छ ।

# सेवाग्राहीलाई स्थायी लेखा नम्बर प्रदान गर्ने पहिलो पालिका बन्यो मनहरी

समाज संवाददाता

हेटौँडाः आन्तरिक राजश्व कार्यालयबाट दिइँदै आएको करसेवा स्थानीय सरकारमार्फत सुरु गरिएको छ । बुधबार मकवानपुरको मनहरी गाउँपालिकाले सेवाग्राहीहरुलाई स्थायी लेखा नम्बर प्रदान गर्दै कर सेवाको सुरुवात गरेको हो ।

योसँगै करसेवा प्रदान गर्ने मनहरी मकवानपुर जिल्लाकै पहिलो स्थानीय तह बन्न पुगेको छ । आन्तरिक राजश्व कार्यालय मकवानपुरको समन्वयमा भएको करसेवा सुरुवात कार्यक्रममा मनहरी-९, रजैयाकी श्रृजना तिमल्सिनाको व्यावसायिक फर्म समृद्धि टेलर्सको व्यावसायिक प्यान नम्बर अर्थात् स्थायी लेखा नम्बर प्रदान गर्दै कार्यक्रमको सुरुवात गरिएको थियो । कार्यक्रममा पालिकाका २ जनालाई व्यक्तिगत स्थायी लेखा नम्बर र १ जना व्यवसायीलाई व्यावसायिक स्थायी लेखा नम्बर वितरण गरिएको मनहरी गाँउपालिकाका अध्यक्ष रन्जन कालाखेतीले जानकारी दिनुभयो ।

करसेवा सुरु भएसँगै पालिकाले व्यक्तिगत स्थायी लेखा नम्बर वितरण, आयकरमा दर्ता गर्ने, व्यावसायिक स्थायी लेखा नम्बर प्रदान तथा व्यवसाय दर्ता खारेजपश्चात व्यावसायिक लेखा नम्बर व्यक्तिगत नम्बरमा रुपान्तरण, संशोधन,


मनहरी गाउँपालिकाका अध्यक्ष रञ्जन कालाखेती एक नागरिकलाई स्थायी लेखा नम्बरको प्रमाणपत्र प्रदान गर्नुहुँदै ।

अभिलेख राख्नेजस्ता करसम्बन्धी सामान्य सेवाहरु प्रदान गरिने पालिकाले जनाएको छ । यसबाहेक संघीय अर्थ मन्त्रालयबाट सूचना जारी गरी अख्तियारी भई आएमा अन्तःशुल्क दर्ता तथा इजाजतपत्र नवीकरणसम्बन्धी कार्यक्रम गर्न सकिने शर्तसमेत तोकिएको छ ।

पालिकाबाटै करसेवा सञ्चालन गर्दा हरेक राजश्वसम्बन्धी सेवा लिन हेटौँडास्थित आन्तरिक राजश्व कार्यालयमा धाउनुपर्ने बाध्यता हटेको पालिका अध्यक्ष कालाखेतीले स्पष्ट पार्नुभयो । यसका साथै राज्यलाई प्राप्त हुने राजश्वको दायरासमेत बढ्ने उहाँको भनाइ छ । हाललाई पालिकाका सूचना प्रविधि र राजश्व शाखाका कर्मचारीहरुले समन्वय गर्दै सेवालाई निरन्तरता दिने पनि उहाँले जानकारी दिनुभयो ।

गत कात्तिक १७ गते सुशीला कार्की नेतृत्वको संघीय मन्त्रिपरिषद्को करसेवा स्थानीय तहबाटै सञ्चालन गर्ने निर्णयअनुसार आन्तरिक राजश्व कार्यालय मकवानपुरले तयारी गरिरहेको थियो । यस्तै, बालेन्द्र शाह नेतृत्वको सरकारले १ सय दिनमा १ सय पालिकाहरुमा करसेवा सुचारु गर्ने निर्णयअनुसार कार्यक्रममा तिव्रता दिइएको कार्यालयले जनाएको छ ।

बुधबारबाट मनहरीमा सेवा सुरुवात गरेपछि बिहीबार बागमती गाँउपालिकाबाट करसेवा सुचारु गर्न लागिएको आन्तरिक राजश्व कार्यालय हेटौँडाका प्रमुख कर अधिकृत युक्तप्रसाद सुवेदीले जानकारी दिनुभयो । आउँदो सोमबार बकैया गाउँपालिकामा सेवा सुरु गरिने र बैशाख महिनाभित्रै थाहा नगरपालिकामा पनि करसेवा सुचारु गर्ने कार्यालयको योजना रहेको छ । यी पलिकामा सेवा सुचारु गराउन आन्तरिक राजश्व कार्यालयले आफ्ना कर्मचारीमार्फत सहजीकरण तथा तालिम प्रदान गरेको थियो ।

यस्तै, पालिकाहरुले पनि बायोमेट्रिक, क्यामरालगायतका सामग्रीहरु खरिद गरी तयारी गरिरहेको कार्यालयले जनाएको छ । आगामी असार मसान्तसम्म जिल्लाका दशवटै पालिकाहरुबाट करसेवा सुचारु गर्ने तयारी गरिरहेको प्रमुख कर अधिकृत सुवेदीले स्पष्ट पार्नुभयो । स्थानीय सरकारले नै करसेवा सञ्चालन गर्दा करदाता पहिचानमा सहज हुने, सेवाग्राहीलाई सेवा प्राप्त गर्न सहज र राजश्वको दायरा बढ्दा राजश्वको परिमाणमा पनि वृद्धि हुने अपेक्षासहित संघीय सरकारले कार्यक्रमको थालनी गरेको प्रमुख कर अधिकृत सुवेदीको भनाइ छ ।

स्थानीय पालिकाबाट प्रदान गर्ने स्थायी लेखा नम्बर कार्डमा स्थानीय तहको समेत नाम उल्लेख हुनेछ । यसअघिको प्यान कार्डमा स्थानीय तहको नाम उल्लेख गर्ने गरिएको थिएन । स्थानीय पालिकाबाट करसेवाका सामान्य सेवा प्रदान गरी सहज बनाएकोमा राजश्वसम्बन्धी अनुगमन, उजुरी, करछलीका बिषय, करदाता शिक्षा, मूल्य अभिवृद्धि करमा दर्ता हुनुअघिको मूल्याङ्कन लगायतमा आन्तरिक राजश्व कार्यालयकै नेतृत्व रहने कार्यक्षेत्रगत सर्तमा उल्लेख गरिएको छ ।

## बागमती विश्वविद्यालय संचालन गर्न छुट्टै ऐनको माग

# विशिष्टीकृत नभए बन्द गर्न समितिको सुझाव

समाज संवाददाता

हेटौँडा : बागमती प्रदेश सरकारले गौरवको आयोजनाको रुपमा अघि बढाएको बागमती विश्वविद्यालय संचालनका लागि छुट्टै ऐन निर्माण गर्न माग गरिएको छ । हालै संचालनमा आएको बागमती विश्वविद्यालय छुट्टै ऐन (कानुनी आधार) बिना नै सञ्चालन गर्नुको औचित्य नरहेको प्रदेश प्रशासनिक संरचना पुनरावलोकन अध्ययन तथा सुझाव समितिको निश्कर्ष रहेको छ ।

प्रदेश सरकारले विश्वविद्यालयको जग समेत बसाल्न नसकेको अवस्थका बीच पूर्वसचिव विमल वाग्ले नेतृत्वको समितिको प्रतिवेदनमा हालको कानुनी प्रक्रिया र सञ्चालन मोडेलमा सुधार नभए विश्वविद्यालयले कुनै प्रतिफल दिन नसक्ने तथा औचित्य नै समाप्त हुने उल्लेख गरिएको छ । प्रतिवेदनअनुसार हाल विश्वविद्यालय प्रदेश उच्च शिक्षा ऐन, २०७८ को दफा ५ को उपदफा (१) को खण्ड (छ) लाई मात्र टेकेर स्थापना गरिएको छ । समितिले सामान्य ऐनको दफाका भरमा विश्वविद्यालय जस्तो बृहत् संस्था चलाउनु कानुनी र व्यावहारिक रुपमा चुनौतीपूर्ण रहेको ठहर छ ।

विश्वविद्यालयले हाल विज्ञान तथा प्रविधि, व्यवस्थापन तथा कानून र शिक्षाशास्त्र तथा सामाजिक विज्ञान गरी ३ वटा संकायमा अध्यापन सञ्चालन गरिरहेको छ । समितिले नेपालमा रहेका अन्य २७ वटा विश्वविद्यालयहरुको उदाहरण दिँदै परम्परागत विषय मात्र पढाउने हो भने बागमती विश्वविद्यालय पनि विद्यार्थी अभावका कारण संकटमा पर्ने औंल्याएको छ । ठोस कानूनी आधार र नवीन कार्यक्रमको अभावमा विश्वविद्यालयको आंगिक क्याम्पसहरुको भविष्य पनि अनिश्चित रहेको प्रतिवेदनमा समेटिएको छ ।

‘विश्वविद्यालयको बृहत् संरचना र सञ्चालनका लागि हालको व्यवस्था पर्याप्त छैन । त्यसैले यसका लागि छुट्टै डेडेडिकेटेड ऐन निर्माण गर्नु अनिवार्य छ ।’ समितिको प्रतिवेदनमा उल्लेख छ, ‘विश्वविद्यालय खोल्नु मात्र उपलब्धि होइन । यसलाई समयसापेक्ष र कानुनी रुपमा सबल बनाउनु नै आजको मुख्य चुनौती हो । अन्यथा, यो प्रदेशमाथि अर्को प्रशासनिक र आर्थिक बोझ मात्र सावित हुनेछ ।’ समितिले विश्वविद्यालयको भविष्य सुनिश्चित गर्न एआई र मेडिकल वियायको संकायहरु तयार गर्न प्रतिवेदन मार्फत् निर्देशन गरेको छ । विश्वविद्यालयलाई चिकित्सा विज्ञान, इन्जिनियरिङ, सूचना प्रविधि र विशेषगरी कृत्रिम बौद्धिकता (एआई) जस्ता रोजगारी ग्यारेन्टी हुने विषयमा मात्र केन्द्रित गर्नुपर्ने समितिको प्रतिवेदनमा भनिएको छ ।

प्रदेश उच्च शिक्षा ऐनबाट विश्वविद्यालय स्थापना गर्ने प्रावधान हटाएर छुट्टै ऐनमार्फत विश्वविद्यालयलाई व्यवस्थित गर्न र नवप्रवर्तन र विज्ञान-प्रविधिमा आधारित भएर नयाँ ढंगले सञ्चालन निर्देशन गरिएको छ । ‘खासगरी अप्राविधिक संकायहरुमा विद्यार्थीको संख्या घट्दो छ र उत्पादित जनशक्ति बेरोजगार हुने अवस्था छ । यस्तो अवस्थामा नयाँ विश्वविद्यालय थप्नुको औचित्य रहन्न । विश्वविद्यालयको औचित्य पुष्टि गर्न बजारको माग अनुसारका नयाँ विषयहरु प्रदान गर्नुपर्छ ।’ प्रतिवेदन मार्फत् भनिएको छ । यदी त्यसो नगर्ने हो भने विश्वविद्यालयबाट प्रदेशले अपेक्षित लाभ लिन नसक्ने समितिको ठहर छ । समितिको प्रतिवेदन अनुसार मुलुकका युवाहरु अध्ययनका लागि विदेश पलायन भइरहेको सन्दर्भमा प्रदेश विश्वविद्यालयले उनीहरुलाई आकर्षण गर्न नसक्ने हो भने क्याम्पसहरु रित्तो हुने जोखिमप्रति सरकारलाई हुनपर्ने जनाएको छ ।

हालै बागमती विश्वविद्यालयले ६ वटा सामुदायिक क्याम्पसहरुलाई आंगिक क्याम्पस बनाएर ३ संकायका विषयहरुमा अध्यापन थालेको छ । विश्वविद्यालयले चितवनको खैरहनी, माडी, काठमाडौंको बुढानिलकण्ठ, कुलेश्वर काठमाडौं, हेटौंडा र काभ्रेमा आंगिक क्याम्पस बनाएर ५५० जना विद्यार्थीहरु भर्ना गरेर अध्यापन थालेको छ । २०८० सालमा स्थापना भएको उक्त विश्वविद्यालयको लागि बोर्ड अफ ट्रष्टि र २०८१ मा पदाधिकारी नियुक्त गरी संचालनमा रहेको छ । हालसम्म विश्वविद्यालयको लागि प्रदेश सरकारले संरचना तथा जग्गा समेत उपलब्ध गराउन सकेको छैन । विश्वविद्यालयले हेटौं-४ स्थित हुप्रचौरमा भाडाको घरबाट कार्यालय खडा गरेर प्रशासनिक काम गर्दै आएको छ ।

# मकवानपुरमा पहिलो पटक महिला क्रिकेट टोली निर्माण गरिँदै

समाज संवाददाता

हेटौँडा : मकवानपुर क्रिकेट संघले जिल्लामा पहिलो पटक महिला क्रिकेट टोली निर्माण गर्ने प्रक्रिया अघि बढाएको छ । संघका सचिव विनोद कुमार बानियाँका अनुसार मकवानपुर जिल्लाबाट पहिलो पटक वाइवाइ यु-१९ र प्रधानमन्त्री कप क्रिकेट प्रतियोगितामा महिला टोली सहभागी गराउने उद्देश्यले खेलाडी छनोटका लागि आह्वान गरिएको हो ।

यसअघि राष्ट्रिय प्रतियोगिताहरूमा पुरुष टोली मात्र सहभागी गराउँदै आएको मकवानपुरले यसपटक महिला टोली पनि सहभागी गराउन लागेको हो । टोली निर्माणका लागि संघले मंगलबार एक सूचना जारी गर्दै इच्छुक खेलाडीहरूका लागि दर्ता फर्म खुला गरेको छ । वाइवाइ यु-१९ प्रतियोगिताका लागि १ सेप्टेम्बर २००७ पछि जन्मेका खेलाडीहरूले मात्र आवेदन दिन पाउनेछन् । दर्ता भएका खेलाडीहरूलाई चार टोलीमा विभाजन गरी उनीहरूबीच एकदिवसीय अभ्यास खेल गराइनेछ । सोही अभ्यास खेलको प्रदर्शनका आधारमा उत्कृष्ट खेलाडी छनोट गरी बागमती प्रदेशस्तरीय छनोट प्रतियोगितामा पठाइने संघले जनाएको छ ।

नेपाल क्रिकेट संघ (क्यान) को वार्षिक कार्यतालिका अनुसार प्रदेशस्तरीय प्रतियोगिता आगामी मे महिनामा र राष्ट्रिय प्रतियोगिता जुन महिनामा सञ्चालन हुनेछ । मकवानपुरमा महिलाहरूको क्रिकेटमा रुचि कम भएका कारण हालसम्म टोली निर्माण हुन नसकेको सचिव बानियाँले बताउनुभयो । यद्यपि यसअघि मकवानपुरबाट सुजिता थापाले राष्ट्रिय टोलीबाट खेलिसकेकी छिन् । जिल्लामा क्रिकेट मैदानको अभावले गर्दा हेटौँडा-४ स्थित हुप्रचौरमा प्रतियोगिता सञ्चालन गर्दा चुनौती सामना गर्नुपरेको सचिव बानियाँको भनाइ छ ।

बागमती प्रदेश सरकारद्वारा हेटौँडा-६, गौरीट्टारमा नवनिर्मित क्रिकेट मैदान सञ्चालन आएपछि छनोट प्रतियोगिताहरू गौरीट्टारमा र साना खेलहरू हुप्रचौरमा सञ्चालन गरिने उहाँले जानकारी दिनुभयो ।

# नेपाल ए ओमानसँग पराजित

काठमाडौं : नेपालमा लिग २ खेल्न आएको ओमानको टोलीले नेपाल ए सँगको अभ्यास एकदिवसीय खेल जितेको छ । बुधबार माथिल्लो मुलपानी क्रिकेट मैदानमा भएको खेलमा ओमान ७० रनले विजयी भयो । ओमानले दिएको २८१ रनको लक्ष्य पछ्याएको नेपाल ए २१० रनमा अलआउट भयो ।

ब्याटिङका लागि राम्रो मानिएको पिचमा नेपाल ए को टोलीले राम्रो सुरुवात गरेपनि मध्यक्रम र तल्लोक्रम ब्याटिङ चल्न नसक्दा नेपाल पराजित भयो । खेलअघि टसमा ओमानका कप्तान जतिन्दर सिंह र नेपाल ए का कप्तान अनिल साह दुवैले पिच ब्याटिङका लागि राम्रो भएको उल्लेख गर्दै पिचमा राम्रो स्कोर बन्न सक्ने बताएका थिए । जतिन्दरले २५० भन्दा माथिको योगफल बनाए सहज हुने बताएका थिए । यस्तै स्पीन डोमिनेटिङ पिच हुने बताएका थिए । अनिलले भने सक्दो कम रनमा समेटेर लक्ष्य पूरा गर्ने बताएका थिए । तर ओमानले बलियो योगफल खडा गर्दा नेपाल ए को टोलीले भने लक्ष्य पूरा गर्न सकेन । ‘ओमानका लागि लिग २ को तयारी भएपनि नेपालका लागि यो खेल तयारीभन्दा ठूलो छ, लिग २ का लागि मेन्टालिटी सेटको कुरा पनि हुन्छ’ अनिलले टसमा भनेका थिए । यो खेल अभ्यास एकदिवसीय थियो, अर्थात् टिमका १४ जना सदस्यले नै आफ्नो रोल अनुसार खेल्न पाइने प्रावधान रहेको थियो । त्यसअनुसार नेपालले ब्याटिङमा सबै ब्याटर र बलिङमा सबै बलर प्रयोग गर्न पाउने थियो, प्लेइङ ११ बनाएर खेल्नुपर्ने बाध्यकारी थिएन । त्यसैअनुसार नेपाल ए मा पीएम कपका शानदार प्रदर्शन गरेका खेलाडीहरू समावेश गर्दै टोली तयार गरेको थियो । तर ब्याटिङ कोल्याप्स हुँदा नेपाल पराजित हुन पुग्यो ।

स्रोत : अनलाइनखबर ।

## जनजागृति माविको 'अभिभावक भेला

# व्यवस्थापन समिति सर्वसम्मत चयन

समाज संवाददाता

हेटौँडा : हेटौँडा-१५, रातोमाटेस्थित जनजागृति माध्यमिक विद्यालयको २६औं अभिभावक भेला बुधबार सम्पन्न भएको छ । विद्यालय व्यवस्थापन समितिका अध्यक्षको सिंहबहादुर लोको अध्यक्षता तथा वडाध्यक्ष सुनिल मोक्तानको प्रमुख आतिथ्यमा अभिभावक भेला भएको हो ।

भेलाले विद्यालय व्यवस्थापन समितिमा अभिभावकबाट ४ जना सर्वसम्मत चयन गरेको छ ।

अभिभावक भेलाबाट अभिभावकमध्येबाट सदस्यमा सम्झना पाखिन, मीना लामा मोक्तान, पूर्णिमा गुरुङ र लालबहादुर डिम्डुङ सर्वसम्मत चयन हुनुभएको छ । नवनिर्वाचित समितिको बैठक बिहिबार बसेर २ जना सदस्य मनोनित गरी विद्यालय व्यवस्थापन समितिलाई पूर्णता दिइने विद्यालयका प्रधानाध्यापक केशवप्रसाद सञ्जेलले जानकारी दिनुभयो । अभिभावक भेलाको अवसरमा वार्षिक परीक्षामा प्रथम, द्वितीय र तृतीय हुने विद्यार्थीलाई पुरस्कृत समेत गरिएको छ ।

अभिभावक भेलामा प्रधानाध्यापक सञ्जेलले विद्यालयको प्रगति प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो । प्रधानाध्यापक सञ्जेलले विद्यालयमा विद्यार्थी संख्या घट्दो क्रममा रहेको जानकारी गराउनुभयो । शैक्षिकसत्र २०८२ मा २ सय ६४ जना विद्यार्थी भर्ना भएकोमा वार्षिक परीक्षामा २ सय ५२ जना मात्रै सहभागी भएका प्रधानाध्यापक सञ्जेलले जानकारी दिनुभयो । शैक्षिकसत्र २०८३ मा विद्यार्थी संख्या घटेर २ सय १५ जनामा सीमित हुने अनुमान प्रधानाध्यापक सञ्जेलको छ ।

‘आयस्तर राम्रो भएका अभिभावकले निजी विद्यालयमा आफ्ना बालबालिकालाई बसमा चडाएर पठाउँछन्’, प्रधानाध्यापक सञ्जेलले भन्नुभयो, ‘न्यून आय भएकाहरु मात्रै यहाँ आउने हो । जन्मदर घट्दै जानु, आयस्तर राम्रा भएकाहरु निजी विद्यालयतर्फ आकर्षित हुनुले हाम्रो विद्यालयमा विद्यार्थी संख्या घट्दो क्रममा छ ।’

यातायातको सुविधा दिन सके विद्यार्थी संख्या केही बढाउन सकिने उहाँको भनाइ छ । अभिभावक भेलाबाट अभिभावककै सहभागितामा यातायात सेवा व्यवस्थापन गर्ने निर्णय समेत भएको प्रधानाध्यापकले बताउनुभएको छ । विद्यार्थी संख्या बढाउन स्थानीय टोल विकास संस्थाहरुसँग पनि समन्वय गर्न सकिने प्रधानाध्यापक सञ्जेलले बताउनुभयो ।

**कला जोगाऔं, संस्कृति बचाऔं ।**

- कलालाई सिर्जनशील, राष्ट्रको परिचय र सभ्यताको प्रतिकको रुपमा बुझौं,
- चित्रकला, गीत–संगीत, नृत्य, नाटकलगायत सबै कलाको सम्मान गरौं,
- स्थानीय कलाकार तथा स्रष्टाहरुलाई प्रोत्साहन र सहयोग गरौं,
- हाम्रो मौलिक संस्कृति र परम्परालाई कलामार्फत जोगाऔं,
- विद्यालय तथा समुदायमा कला शिक्षाको प्रवर्द्धन गरौं,
- सार्वजनिक स्थानहरुमा कलाको संरक्षण र प्रवर्द्धनमा ध्यान दिऔं,
- युवा पुस्तालाई सिर्जनात्मक गतिविधिमा सहभागी गराऔं,
- कलामार्फत सकारात्मक सन्देश र सामाजिक सचेतना फैलाऔं,
- साँस्कृतिक विविधताको सम्मान गर्दै एकता बलियो बनाऔं,
- कला विकासमार्फत पर्यटन र आर्थिक समृद्धिमा टेवा पुऱ्याऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



Contact : 9807171993/9741681458
TCN Road-10
नोट : हामी कहाँ सबै किसिमका बाइक तथा स्कुटर एक्सचेन्ज गरिन्छ ।

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ